दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ८८ | बुटवल | २०८२ चैत १४ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday March 28, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# यस्तो बन्यो १५ सदस्यीय बालेन्द्र मन्त्रिपरिषद्

**लुम्बिनी संवाददाता**
*बुटवल*



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका नेता बालेन्द्र शाह प्रधानमन्त्री बनेका छन् । प्रधानमन्त्री शाहले १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका छन् । गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य चुनावमा करिब दुई तिहाइ बहुमत पाएको रास्वपाले शाहलाई संसदीय दलको नेता र प्रधानमन्त्री बनाएको हो । नवनियुक्त सबै मन्त्रीहरु रास्वपाका मात्रै हुन् । प्रधानमन्त्री र मन्त्रीहरूले राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

नयाँ मन्त्रिपरिषद्मा अर्थ मन्त्रालयको जिम्मेवारी स्वर्णिम वाग्ले, गृहमन्त्रीमा सुधन गुरुङ, परराष्ट्र मन्त्रालय शिशिर खनाललाई दिइएको छ । यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सुनिल लम्साललाई, ऊर्जा,जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी विराजभक्त श्रेष्ठले पाएका छन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय गणेश पौडेलले पाएका छन् । शिक्षा, विज्ञान प्रविधि, युवा तथा खेलकुद मन्त्रालय सस्मित पोखरेल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय निशा मेहता, सञ्चार तथा सस्चना प्रविधि मन्त्रालय डा. विक्रम तिमिल्सिना, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रतिभा रावललाई दिइएको छ । यस्तै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सोविता गौतम, कृषि तथा पशुपंक्षी, वन तथा वातावरण मन्त्रालय गीता चौधरी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय दिपककुमार साहलाई र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सीता बादीलाई दिइएको छ ।

**यस्तो छ मन्त्रीहरूको प्रोफाइल**

३६ वर्षीय प्रधानमन्त्री बालेन काठमाडौं महानगरपालिकाका पूर्वमेयर हुन् । २०७९ को चुनावमा स्वतन्त्र उम्मेदवारका रुपमा चुनाव जितेका बालेनले करिब साढे ३ वर्ष महानगरको नेतृत्व गरे । यसपटकको निर्वाचनमा महानगरको नेतृत्व छाडेर झापा ५ बाट रास्वपाकोतर्फबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार बने । रास्वपाले बालेनलाई प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरेको थियो । झापा-५ बाटै नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उम्मेदवार थिए । पूर्वप्रधानमन्त्री ओलीलाई हराएर आएका बालेन प्रधानमन्त्री बनेका हुन् । प्रधानमन्त्री बालेन पेशाले स्ट्रक्चरल इन्जिनियर हुन् । र्‍यापर पनि हुन् ।

**१० मन्त्री ४० वर्ष मुनिका**

बानेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषद्मा ४० वर्ष मुनिका युवाहरूको वर्चस्व छ । १५ सदस्यीय मन्त्रिपरिषद्मा १० जना ४० वर्षमुनिका छन् । प्रधानमन्त्री बालेन्द्र शाह ३६ वर्षका छन् । कानुनमन्त्री सोविता गौतम ३० वर्षकी छन् । भौतिक पूर्वाधारमन्त्री सुनिल लम्साल ३५ वर्षका हुन् भने शिक्षामन्त्री सम्मित पोखरेल २९ वर्षका भए । स्वास्थ्यमन्त्री निशा मेहता ३८ वर्ष भइन् भने श्रममन्त्री दिपक शाह ३४ वर्षका छन् । समान्य प्रशासनमन्त्री प्रतिभा रावल ३२, गृहमन्त्री सुधन गुरुङ ३८, महिला मन्त्री सिता वादी ३० र कृषिमन्त्री गीता चौधी ३२ वर्षकी छन् ।

मन्त्रिपरिषद्मा सबैभन्दा पाका स्वर्णिम वाग्ले हुन् । उनी ५१ वर्षका भए । परराष्ट्रमन्त्री शिशिर खनाल ४७, उर्जामन्त्री विराजभक्त श्रेष्ठ ४४, पर्यटनमन्त्री खड्कराज पौडेल र सञ्चारमन्त्री विक्रम तिमिल्सिना ४३ वर्षका छन् ।

**क्षमताअनुसारको जिम्मेवारी**

अर्थमन्त्री स्वर्णिम वाग्ले अर्थविद् हुन् । रास्वपाको अर्थ नीति विभाग प्रमुख समेत रहेका ५१ वर्षीय वाग्लेलाई रास्वपाले चुनावी वाचापत्र लेखनका लागि संयोजक नै बनाएको थियो । आफैँले लेखेको वाचापत्र कार्यान्वयन गर्ने जिम्मेवारीसहित उनी अर्थमन्त्री बनेका छन् । वाग्लेले लन्डन स्कुल अफ इकोनमिक्स, हावर्ड विश्वविद्यालय र अस्ट्रेलियन नेसनल युनिभर्सिटीबाट उच्च शिक्षा प्राप्त गरेका हुन् । २०७१ सालमा नेपाल फर्केका उनी राष्ट्रिय योजना आयोगका सदस्य बने ।

दुई कार्यकाल सदस्य र एक कार्यकाल उपाध्यक्ष भई काम गरे । एसिया प्रशान्तका विभिन्न देशहरूको आर्थिक नीति निर्माणमा समेत योगदान पुऱ्याएको वाग्ले यूनडीपी एसिया-प्रशान्तका प्रमुख आर्थिक सल्लाहकारका रूपमा समेत काम गरेका व्यक्ति हुन् ।

वाग्ले विघटित प्रतिनिधिसभामा पनि थिए । २०७९ को चुनावमा नेपाली कांग्रेसबाट निर्वाचित रामचन्द्र पौडेल राष्ट्रपति बनेपछि रिक्त रहेको क्षेत्रमा उप-निर्वाचन भएको थियो । त्यसबेला कांग्रेस उम्मेदवार गोविन्द भट्टराईलाई हराएर वाग्ले सांसद बनेका थिए । दोस्रोपटक तनहुँ-१ बाटै उम्मेदवार भएका वाग्लेले चुनाव जिते । नेपाली उन्नतिको मार्गचित्र मतदाता सामु प्रस्तुत गर्दै भोट मागेका वाग्लेलाई रास्वपाले अर्थमन्त्रालयको बागडोर सुम्पेको हो ।

गृहमन्त्री सुधन गुरुङ ३८ वर्षका भए । उनी जेनजी आन्दोलनपश्चात् चर्चामा आएका व्यक्ति हुन् । समाज सेवामा भने उनी एक दशक देखि नै सक्रिय थिए । २०७२ सालको भूकम्पपछि 'हामी नेपाल' नामक संस्था खोलेर उनी राहत तथा उद्दारमा खटिएका थिए । सामाजिक कार्यमा व्यस्त रहँदै आएका उनलाई धेरैले चिन्दैनथे । गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनपछि उनी चर्चामा आए । २१ फागुनको निर्वाचनमा गोरखा १ मा प्रतिनिधिसभा सदस्यको उम्मेदवार भए र चुनाव जिते । उनै सुधन निर्वाचनपछिको नयाँ सरकारमा गृहमन्त्री बनेका हुन् ।

परराष्ट्रमन्त्रीमा शिशिर खनाल ४७ वर्षीय हुन् । खनालसँग प्रतिनिधिसभा सदस्यको अघिल्लो कार्यकालमा शिक्षा तथा विज्ञान प्रविधिमन्त्रीको जिम्मेवारीमा रहेर काम गरेको अनुभव छ । २०७९ र २०८२ दुवैमा काठमाडौं क्षेत्र नम्बर ६ बाट चुनाव जितेका शिशिरको स्थायी ठेगाना काठमाडौं टोखा हो । राजनीतिमा आउनुअघि उनी सामाजिक सेवा, शिक्षा र नीति निर्माणका क्षेत्रमा थिए ।

सन् २००५ देखि २०१२ सम्म श्रीलंका, नेपाल र अमेरिकामा सञ्चालन भएको सर्वोदय श्रमदान अभियानमार्फत् उनले सामुदायिक विकास र स्वयंसेवी अभियानमा काम गरे । सन् २०१२ देखि २०१९ सम्म टिच फर नेपाल कार्यक्रममा आबद्ध भएर सामुदायिक शिक्षामा योगदान दिए । नीतिगत अभ्यासमा खनालले २०२३ देखि २०२५ सम्म दाङको तुलसीपुर उप-महानगरपालिकामा सञ्चालन गरिएको नीतिशाला कार्यक्रमसँग जोडिएर काम गरेका थिए । अमेरिकाको युनिभर्सिटी अफ विसकन्सिन म्याडिसनबाट सार्वजनिक नीतिमा स्नातकोत्तर गरेका खनालले वज्रपोर्ट विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय राजनीतिक अर्थशास्त्रमा स्नातक गरेका छन् ।

**कानुनमा अधिवक्ता, स्वास्थ्य नर्स**

कानुन न्याय तथा संसदीय मामिलामन्त्रीमा सोविता गौतम कानुनी पृष्ठभूमिकै व्यक्ति हुन् । २०५२ सालमा दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिएकी गौतमले कानुनमा स्नातक गरेकी छन् । अधिवक्ता गौतमसँग टेलिभिजन कार्यक्रम निर्माता, प्रस्तोता भएर काम गरेको अनुभव पनि छ । सोविताले २०७९ मा काठमाडौं २ बाट चुनाव जितेकी थिइन् । यसपटक चितवन ३ बाट उम्मेदवार बनिन् र चुनाव जितिन् । अघिल्लो कार्यकालमा उनी कानुन न्याय तथा संसदीय मामिला मन्त्री बन्ने चर्चा चलेको थियो । यसपटक उनी चुनाव लगत्तैको सरकारमा मन्त्री बनिन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री निशा मेहता नर्सिङ पेशाबाट राजनीतिमा आएकी पात्र हुन् । स्वास्थ्य सेवामा सक्रिय उनी रास्वपाको स्थापनाकालदेखि कै सदस्य हुन् । अघिल्लो निर्वाचनमा पार्टीले उनलाई समानुपातिक सूचीमा राखे पनि उनी सांसद बन्न सकेकी थिइनन् । यसपटक भने उनी मधेशी क्लस्टरबाट प्रतिनिधिसभा सदस्य बनेर संघीय संसद्मा पुगेकी हुन् ।

भारतको ग्वालियरस्थित विश्वविद्यालयबाट नर्सिङमा स्नातकोत्तर गरेपछि विराटनगरस्थित विराट टिचिङ हस्पिटलमा सेवा सुरु गरेकी उनी राजीनामा दिएर राजनीतिमा लागेकी हुन् । स्वास्थ्य क्षेत्रमा काम गर्दा सेवा प्रणालीका कमजोरी, पहुँचको असमानता र व्यवस्थापनका चुनौतीलाई नजिकबाट बुझ्ने अवसर पाएको बताउने उनले अब त्यसलाई सम्बोधन गर्ने जिम्मेवारी आफैँले पाएकी छन् ।

**समावेशी मन्त्रिपरिषद्**

मन्त्रिपरिषद् सदस्यहरूमा समावेशितालाई पनि ख्याल गरेको देखिन्छ । पाँच जना महिलाले मन्त्रिपरिषद्मा स्थान पाएका छन् । सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बनेकी छन् । उनले एकसाथ दुई वटा रेकर्ड राखेकी छन् ।

सीता वादी समुदायबाट संघीय संसद्मा प्रतिनिधित्व गर्ने पहिलो व्यक्ति हुन् । साथै संघीय मन्त्रिपरिषद् सदस्यमा पनि उनी वादी समुदायबाट पुगेकी पहिलो व्यक्ति बनेकी छन् । लामो समयदेखि राज्यको मूलधारबाट पछि पारिएको, उपेक्षित र बहिष्कृत समुदायको आवाज संसद्मा उठाउँछु भनेर आएकी सीता अब मन्त्रीको रुपका कार्यकारी भूमिकामा देखिनेछिन् ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावल पत्रकारिता पृष्ठभूमिकी हुन् । समानुपातिक सांसद निर्वाचित रावल रवि लामिछानेसँगै ग्यालेक्सी फोरके टेलिभिजनमा उनै लामिछानेको टीभी शोमा रिसर्चरको भूमिकामा थिइन् । लामिछानेले टीभी छोडेर राजनीतिमा होमिएसँगै रावल पनि पार्टी राजनीतिमा लागेकी थिइन् ।

कृषि तथा पशुपन्छी विकासमन्त्रीमा गीता चौधरी अदालतको बहस र सामाजिक न्यायका लागि सडकमा भेटिने पात्र हुन् । ३३ वर्षीय चौधरी पेशाले कानुन व्यवसायी हुन् । हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी समानुपातिकतर्फ निर्वाचित भएसँगै मन्त्री बनेकी छन् । एक सामान्य थारु परिवारमा जन्मिएर अभावमा बाल्यकाल बिताएको बताउने चौधरीले अब किसानकै हितमा काम गर्ने कार्यकारी जिम्मेवारी प्राप्त गरेकी हुन् ।

प्राध्यापनबाट संसदको यात्रामा प्रवेश गरेका गणेश पौडेल पर्यटन तथा नागरिक उड्यनमन्त्री बनेका छन् । ४३ वर्षीय पौडेल राजनीतिमा आउनुअघि पौडेल शैक्षिक र सामाजिक क्षेत्रमा थिए । स्थानीयस्तरमा शिक्षाको गुणस्तर सुधार र युवाहरूलाई सीपमूलक तालिम दिनुपर्छ भन्ने आवाज उठाउँदै आएका उनलाई अब पर्यटन तथा नागरिक उड्यन क्षेत्रमा योगदान गर्ने अवसर प्राप्त भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री विराजभक्त श्रेष्ठ नेवार समुदायबाट हुन् । काठमाडौं निवासी श्रेष्ठ प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा उनी केही समय युवा तथा खेलकुदमन्त्री बनेका थिए ।

मन्त्री हुँदा खेलकुद क्षेत्रको बेथिति हटाउन र खेलाडीहरूको मनोबल बढाउन चालेका कदमहरूले उनलाई चर्चामा समेत ल्याएको थियो । त्यसलाई ब्रान्डिङ गर्दै उनले चुनावमा होमिएका उनी पुनः निर्वाचित भएसँगै मन्त्री बनेका हुन् । श्रेष्ठ पहिलो पटक २०७४ सालमा बागमती प्रदेशसभा सदस्य भए । त्यसबेला उनी समानुपातिक निर्वाचन प्रणालीतर्फबाट प्रदेशसभामा विधायक बनेका थिए ।

प्रदेशसभामा रहँदा नेपाल भाषा र तामाङ भाषालाई बागमती प्रदेशको सरकारी कामकाजको भाषा बनाउने कानुन पारित गराउन महत्वपूर्ण भूमिका खेलेका थिए । संघीय सरकारले गुठी विधेयक ल्याउँदा उनले सडक र सदन दुवै मोर्चाबाट सशक्त विरोध गरी नेवार समुदायको भावनाको प्रतिनिधित्व गरेका थिए । 'बिजनेस एड्मिनिस्ट्रेसन' मा स्नातक गरेका श्रेष्ठले होटल-रेस्टुरेण्ट व्यवस्थापन र विभिन्न परियोजनाहरूमा जागिरेका रूपमा करियरको सुरुवात गरेका उनी २०७२ सालको महाभूकम्पपछि समाजसेवामा सक्रिय भए ।

» बाँकी ३ पेजमा

बालेन मन्त्रिपरिषद्को पहिलो निर्णय :

# कार्की आयोगको प्रतिवेदन कार्यान्वयन



बुटवल । रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) प्रधानमन्त्री नियुक्त भएसँगै बसेको पहिलो मन्त्रिपरिषद् बैठकले जेनजी आन्दोलनका घटनाको जाँचबुझ गर्न बनेको आयोगको प्रतिवेदन कार्यान्वयनको निर्णय गऱ्यो ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय सुनाउँदै सरकारका प्रवक्ता सस्मित पोखरेलले सुरक्षा निकायका हकमा अध्ययन गर्न समिति गठन गर्ने बताएका छन् । अन्यको हकमा भने सिधैँ प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय भएको छ । यो सँगै सुरक्षा निकाय बाहेकका हकमा आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने बाटो खुल्ला भएको छ ।

आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, तत्कालीन आईजीपी चन्द्रकुवेर खापुङलाई १० वर्ष कैद हुने कसुरमा अनुसन्धान गरी कारबाही गर्नुपर्ने सुझाव दिएको छ । प्रतिवेदनमा मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार अनुसन्धान गर्नू भनी सिफारिस छ । उक्त दफामा 'कसैले लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न हुँदैन' भन्ने व्यवस्था छ । त्यसरी ज्यान जाने काम गरेमा तीनदेखि १० वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

» बाँकी ३ पेजमा

## पक्षपाती निर्णय स्वीकार्य हुँदैन : एमाले सचिव

बुटवल । नेकपा एमालेका सचिव महेश बस्नेतले मन्त्रिपरिषद्को पहिलो बैठकले गौरीबहादुर कार्कीको प्रतिवेदनबारे गरेको निर्णयमा आपत्ति जनाएका छन् । सुरक्षाकर्मी र तत्कालीन राजनीतिक नेतृत्वका हकमा लिएको फरक निर्णय कुटिल र षड्यन्त्रपूर्ण रहेको उनको टिप्पणी छ ।

फेसबुकमा स्टाटस लेख्दै बस्नेतले यसको प्रतिवाद गर्ने बताएका छन् । उनले लेखेका छन्-'कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको नाममा यदि सरकारले धरपकड र राजनीतिक बदला लिन खोज्छ भने उसको पहिलो गाँसमै ढुङ्गा पर्ने मात्र होइन, देशलाई पुनः द्वन्द्वतर्फ धकेल्ने जोखिम पैदा गर्छ । यस्ता पक्षपाती निर्णयहरू कुनै पनि हालतमा स्वीकार्य हुँदैनन् । न्याय सबैका लागि समान हुनुपर्छ, अन्यथा यसको विरुद्ध सशक्त प्रतिरोध अवश्य हुनेछ ।'

» बाँकी ३ पेजमा

## काममा ढिलासुस्ती नगर्न कर्मचारीहरूलाई निर्देशन

बुटवल । नवनियुक्त प्रधानमन्त्री बालेन शाहले कुनै पनि बाहना बनाएर काममा ढिलासुस्ती नगर्न कर्मचारीहरूलाई निर्देशन दिएका छन् ।

शुक्रबार शपथलगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पदभार ग्रहण गरेपछि कर्मचारीहरूलाई आफ्नो सरकारको स्पिरिट क्याच (समात्न) गर्न निर्देश गरे । कुनै पनि नियम कानुन संशोधन गर्नु पर्दा आफू नेतृत्वको सरकार बलियो भएको स्मरण गराउँदै बाहनाबाजी गरेर काम नरोक्न स्पष्ट निर्देश गरेको एक सचिवले बताए ।

'जसरी हामीले सरकार गठन गरेका छौं । हामी जसरी अघि बढ्न खोजेका छौं, त्योअनुसारको स्पिरिट तपाईंहरूले पनि समात्नुपर्छ' प्रधानमन्त्री शाहको भनाइ उद्धृत गर्दै ती सचिवले भने-'नियम कानुन परिवर्तन गर्नुपर्नेलगायतका कुराहरूमा कुनै बाहना नगरेर नियम कानुन जे गर्नुपर्ने हो हामी त्यो ल्याउन सक्छौं । कुनै पनि बाहना नगरेर काम गर्नुहोला ।'

उनले कुनै पनि विषय देखाएर ढिलासुस्ती नगर्न पनि कर्मचारीहरूलाई स्पष्ट रुपमा भनेका छन् । 'कुनै पनि कुरा देखाएर ढिलासुस्ती गर्न पाइँदैन ।'-बालेनले भनेका छन् । सरकारी कर्मचारी र नवनियुक्त मन्त्रीसहितको उक्त ब्रिफिङ धेरै लामो समय भने चलेको थिएन ।

'करिब पाँच मिनेटमात्रै निर्देशन दिनेगरी उहाँले सम्बोधन गर्नुभयो, हामीले सुन्यौं मात्रै ।'-ती सचिव भन्छन् ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८२ चैत १४ गते, शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

तिमी मेरो मुटुमा
यसरी जाक्कियौ कि
अझ भित्र हालौं– दुख्छ
बाहिर निकालौं– दुख्छ।

– विक्रम सुब्बा

# मैले चिनेको गोर्की



**रामचन्द्र श्रेष्ठ**

समयको सुरुवात घटनाको सुरुवातसँगै हुन्छ भने एक बेग्लै समय गोर्कीको आमा उपन्याससँगै सुरु भएको थियो।

सन् १८६८ को मार्च २८ मा रुसको गरिब परिवारमा जन्मेका गोर्की आफ्नो बाल्यकाल पारिवारिक सुखसयल, माया ममतामा होइन रुखो, अपहेलित र तिरस्कृत वातावरणमा बिताएका थिए। बाबुको मृत्यु र आमा अर्कै पुरुषसँग बस्न थालेपछि गोर्की मावली बाजे बज्यैसँग बसेका थिए। उनलाई प्रेम गर्ने उनको बज्यै मात्र थिइन। र उनै बज्यैको दयालु र मानविय भावनाले गोर्की ओतप्रोत थिए। गरिबीको कारण आठ-नौ वर्षको उमेरदेखि नै अरुको घरको नोकर, भारी बोक्ने, फाटेका लुगाफाटा, हाडखोर बटुल्ने खातेको कामदेखि जहाजको भान्साघर र माझीको पेसासम्म अपनाएका थिए। आफ्नो पुरै किशोरावस्था र युवावस्थाको केही अंश अपहेलित र शत्रुतापूर्ण वातावरणमा बिताएका गोर्कीको खास नाम अलेक्सेई मक्सिकोभिच पेशकोभ हो र गोर्की उनको उपनाम हो। गोर्कीको अर्थ 'तितो' हुन्छ जुन उनको जिन्दगीसँग साह्रै मेल खान्छ। बाल्यकालमै बाजेद्वारा 'तँ तक्मा होइनस् जसलाई घाँटीमा झुण्ड्याएर हिडुँ, आफ्नो बाटो आफैँ लाग' भनेर घरबाट निकालिदिएपछि उनको लागि आफन्त र पराई कोही रहेनन्, त्यसकारणले नै जहाँ काम गर्छन् त्यही नै आफन्त भेटिए र त्यहि नै पराई नै। जीवनको तितो क्षणहरूले उनलाई यतिविधि निराशाको दलदलमा पुऱ्याएको थियो कि किशोरावस्थामै (सम्भवतः १४ वर्षको उमेरमै) उनले आफैँलाई गोली प्रहार गरका थिए। तर संयोगले मुटुमा हानेको गोली फोक्सोमा लाग्यो र उनी बाँच्न सफल भए।

जीवनको कटु क्षण, तिरस्कृत वातावरण र नोकर, खातेको जीवनमा गोर्कीले कति बेला अध्ययन गरे ? कतिबेला कलम समाए ? र कुन प्रेरणाले उनी लेखक बने ? यी प्रश्न जति महत्वपूर्ण छन् त्यति नै अप्ठ्यारा पनि। उनको लागि कुनै स्कुल बनेको थिएन र उनलाई कलम समाउन प्रेरणा दिने पनि कोही थिएन। बरु लुकीलुकी पढ्दा मालिक्नीको चुटाई सधैं उनको भागमा पर्थ्यो। त्यसैले उनले नयाँ नयाँ उपाय लगाएर पढ्थे। मालिक-मालिक्नी सबै सुतेपछि, भान्सा र घरको काम सबै सकेपछि ताप्केलाई राम्ररी माझेर चन्द्रमाको प्रकाशलाई केन्द्रित गरेर उज्यालो जम्मा गर्थे। पढ्नुलाई अपराध सम्झने त्यस्तो वातावरणमा उनलाई पुस्तकहरू पढ्नलाई प्रेरित गर्ने कुन तत्व थियो ? गोर्की आफ्ना संस्मरणात्मक उपन्यासहरूमा भन्छन्, बाँचेको यथार्थ जिन्दगीको कटुता, निराशा, दरिद्रता र भोगेका मान्छेको छुद्र व्यवहार नै अध्ययनको लागि प्रेरणा बन्यो किनभने पुस्तकहरूमा सुन्दर जीवनको चित्रण हुन्थ्यो। भोगेको जिन्दगीबाट पुस्तकको जीवनको खोजी नै उनको लागि प्रेरणाको श्रोत थियो। उनी जीवनको निरशता, छुद्रता, दरिद्रताबाट मुक्ति चाहन्थे त्यसैले नै उनले पढे अनि हो, त्यहि कारणले नै उनले लेखे। उनका प्रारम्भिक लेखाईमा जीवनको अत्याशपूर्ण दैनिकी प्रतिको छट्पटी प्रष्ट झल्कन्छ। सन् १८९२ को सेप्टेम्बरमा पहिलो कथा मकरचुद्रा छापिएपछि गोर्कीको वास्तविक जन्म भएको थियो, अलेक्सेई मक्सिकोभिचबाट गोर्कीमा। उन्नाइसौं शताब्दीको अन्त्यसम्मका उनका लेखनीमा मार्क्सवादका प्रभाव पाइन्न तर त्यतिबेलाको लेखनीमा स्वच्छन्दतावादको प्रभाव झल्किन्छ। तर उनको स्वच्छन्दतावाद स्वैर कल्पनामा आधारित छैन। त्यो यथार्थबाटै उठेको छ। रङ्गहिन जीवनमा रङ्गभर्ने अभिलाषाले उनलाई जीवनबोध भएका 'मकरचुद्रा', 'बुढी इजरगिल', 'बाजको गीत', 'बल्दो मुटुको दन्त्यकथा' कथाहरू लेख्न घच्घचायो। त्यस्तै प्रेम र मानवताको चाहनाले 'छब्बीस केटा र एक केटी', 'नुनखानी', 'घण्टा' जस्ता कथाहरू लेख्न प्रेरित गऱ्यो। यी कथाहरूका पात्रहरू आवारा, घुमन्ते जीवन बिताउने खातेहरू हुन् जो दासतापूर्ण श्रम गर्न बाध्य छन् र सामाजिक अन्यायद्वारा पीडित। उनका यी पात्रहरू नकारात्मक छन् र अराजक पनि। तर यिनैहरूमार्फत् गोर्की अन्यायको मौन समर्थनको विरोध गर्छन्। उनका यी पात्रहरू फोहोरी छन्, असभ्य भाषा बोल्छन्, रुखा छन्, तर तिनीहरूभित्र आक्रोशको आगो सल्किएको छ। यी आफ्नो वर्तमान जीवनलाई घृणा गर्छन्। गोर्की यिनै पात्रहरूमार्फत् नयाँ जीवनको चाहना व्यक्त गर्छन्। पुँजीवादी समाजको रुखो जीवनको तीव्र आलोचना गरेर गोर्कीले विश्वसाहित्यको इतिहासमै यस्ता निम्न पात्रहरूमार्फत् सामाजिक उत्तरदायित्वको गम्भीर पाठ व्यक्त गरे, जसले गर्दा ह्रासोन्मुख साहित्यप्रति तीव्र प्रहार भयो र जीवनको सुन्दरताको नयाँ पाटो उद्घाटन भयो। हो, साहसको उन्माद र स्वतन्त्रताको लागि बलिदानसम्मको अठोट सृजना गर्ने उनको यस्तै लेखनीले नै विश्वसाहित्यमा नयाँ घटनाको जन्म गरायो अर्थात् नयाँ समयको जन्म गरायो।

लेखनीको प्रथम चरण स्वच्छन्दवादी ढंगले बिताएका गोर्की उन्नाइसौं शताब्दीको शुरुवाततिर संक्रमणकालिन समय बिताउँछन्। अर्थात् त्यतिबेलाका उनका साहित्य स्वच्छन्दतावादबाट प्रगतिवादतर्फ लम्किदै गर्दाको समय हो। त्यतिबेला सन् १९०० मा लेखिएको उनको 'तीन' नामक उपन्यासले पनि उनको संक्रमणको संकेत गर्छ। जीवनको कटु वास्तविकताको बारेमा उपन्यासका तीन पात्रहरूले छुट्टाछुट्टै तीन बाटो अपनाउँछन्। पहिलो पात्रले सामान्य बुर्जुवाहरूले जस्तै व्यक्तिगत तवरले नै समाधान गर्ने कोशिस गर्छ र असफल भएपछि आत्महत्या गर्छ, दोस्रोले संघर्ष र विरोधको माध्यमलाई अस्विकार गर्छ र नम्रता र विनयको बाटो अंगाल्न खोज्छ र उसको पनि नराम्रो अन्त्य हुन्छ। तेस्रो क्रान्तिकारी बुद्धिजीविहरूसँग संगत गर्छ र जीवनको सही बाटो चुन्छ। गोर्की यही तेस्रो पात्र हुन् जो स्वयं जीवनको नयाँ बाटोमा हिंड्दै थिए।

सन् १९०२ मा 'निम्न पुँजीजीवि' नाटक लेखेपछि गोर्की पुरानो गोर्की रहेनन्। उनी अब मार्क्सवादी भएका थिए, एक क्रान्तिकारी र कम्युनिष्ट भएका थिए। नाटकको पात्र नील विश्वसाहित्य इतिहासकै पहिलो त्यस्तो क्रान्तिकारी पात्र हो जो आफ्नो वर्गको शक्तिसँग परिचित छ र वर्तमान शोषणयुक्त समाजलाई बदल्न सकिन्छ भन्ने बुझ्दछ। उ भन्छ, "जो श्रम गर्दछ मालिक त्यही हो, …………… अधिकार दिइँदैन, लिइन्छ।" "शत्रु" त्यस्तै उत्कृष्ट नाटक हो। यी साहित्य रचना गर्दा गोर्की बोल्सेभिक पार्टीका सदस्यमात्र होइन १९०५ को असफल क्रान्तिका सक्रिय क्रान्तिकारी पनि थिए।

गोर्कीबारे हामी सबैलाई चिनाउने 'आमा' उपन्यास यहि समयमा नै लेखिएको थियो। आमामा चित्रित पात्रहरूको पृष्ठभूमि सोरमोभो बस्ती र त्यहाँ १९०२ मा भएको क्रान्तिकारी गतिविधिहरू नै हुन्। तर आमा उपन्यास क्रान्ति रक्षात्मक स्थितिमा हुँदा, प्रतिक्रियावादी दमन तीव्र र कठोर भएको र धेरै उत्तम भनिने क्रान्तिकारीहरू पनि समर्पणको बाटो अंगालिरहेको निरश समयमा सृजना गरिएको थियो। तर क्षणिक वर्तमानको सपाट चित्रणभन्दा आमा उपन्यास धेरै पर छ। यसमा भविश्यको उज्यालो दिनको चित्रण गरिएको छ भने संघर्ष कै मैदानबाट आशाको सुन्दर अभिव्यक्ति प्रस्तुत गरिएको छ। राजनीतिक घटनाक्रम र संघर्षको वर्णन मात्र होइन आमा उपन्यास। त्यस्तै कला र विचारको उत्कृष्ट संयोजनमात्र पनि होइन। यो व्यक्तिको कायापलटको दस्तावेज हो। पुँजीवादी समाजको विषमताले जीवन कसरी धुजाधुजा हुन्छ र फेरि त्यहि नै विषमतामाझ मै आत्माको जागरण कसरी हुन्छ अनि त्यो पुर्नजिवित आत्मा कसरी अमर हुन्छ भन्ने चित्रण नै आमा उपन्यास हो। दोस्तोबस्की र केही मात्रामा टोल्सटोइले क्रान्तिले मानिसमा हिंसाको भावना भर्दछ भन्ने विश्वास राख्दथे। तर आमामा गोर्कीले चित्रण गरे क्रान्तिले कसरी आत्मालाई पुनर्जीवित गर्दछ र त्यो कसरी नयाँ सृजनाको लागि संघर्ष गर्दछ। आमाको पात्र आमा कठोर दैनिक जीवन, शोषण, अत्याचार र अपहेलनाको कारण आत्मालाई बन्धकी राखेर वा भनौ जीवनको उल्लासमय क्षणहरूलाई गुमाएर एक मृत आत्मा लिएर बाँचेकि थिइन। तर क्रान्तिको गतिविधिमै, नयाँ जीवनको खोजीको क्रममै उनको आत्मा फेरि जाँगेर आयो। जीवनमा फेरि उल्लास सृजना भयो, अब संसार घमाइलो र रमाइलो भयो। हो, जीवनमा शत्रुहरू पनि थपिए र त्योभन्दा धेरै आफन्तहरू पनि। अनि आमाको आत्मा कसैले दबाउन नसक्ने आत्मा बन्यो। अमर आत्मा। मान्छे कसरी जाग्छ, कसरी सचेत हुन्छ भन्ने दस्ताबेज नै आमा उपन्यास हो। यो किन अमर छ भने यसमा हामी जस्तोको आत्माको चित्रण छ। जसको आत्मा खुम्चिएको छ पुँजीवादी समाजको विकृत जीवनपद्धतिले।

सन् १९१७ को क्रान्तिको समयमा क्रान्तिप्रति आशंका जन्माएर भुल गरेता पनि गोर्की फेरि समाजवादी यथार्थवादको प्रर्वतकको रूपमा र साहित्यिक आन्दोलनका नेताको रूपमा उदाए। पटक-पटक क्षयरोगले शिकार भएका उनी बिरामीकै कारण सन् १९३६ मा ६८ वर्षको उमेरमै उनको मृत्यु भयो। तर प्रगतिवादी साहित्यको प्रणेताको रूपमा उनी हामीसँग जीवीत हुनेछन्। रहिरहनेछन्। हाम्रो हृदयमा। आमा उपन्यासले हाम्रा मनहरूमा पारेको अमिट प्रभावहरूमा।

# एउटा हेर्नैपर्ने चिनियाँ चलचित्र 'द रोड होम'

**सुशील सापकोटा**

झाङ यिमाउ चीनका एकजना निकै राम्रा चलचित्र निर्देशक हुन्। चीनको गाउँले समाजका विविध विषयहरूलाई उनले चलचित्रको रूपमा प्रस्तुत गरेका छन्। चीनको चलचित्रको इतिहासको कालक्रमको हिसाबले यिमाउलाई पाँचौ पुस्ताका चलचित्र निर्देशक भनेर चिनिन्छ। उनीपछिका चिनियाँ चलचित्र निर्देशकहरू छैठौं पुस्ताका हुन्। राम्रो र उपयोगी विषयमा चलचित्र बनाउने झाङ यिमाउका चलचित्रहरूले अन्तर्राष्ट्रिय ख्याति पाएका छन्। चलचित्रका अध्येताहरू के भन्छन् भने झाङले चलचित्र बनाएपछि त्यसले कुनै न कुनै अन्तर्राष्ट्रिय पुरस्कार पाइहाल्छ। उनले बनाएका प्रसिद्ध चलचित्रहरूमध्ये 'द रोड होम' पनि हो।

द रोड होम प्रेमकथामा आधारित चलचित्र हो। यसमा उत्तरी चीनको एउटा गाउँमा शिक्षक भएर गएका एक युवक र त्यस गाउँकी अवोध केटीको प्रेम प्रसंगलाई बयान गरिएको छ।

यस फिल्मको कथा आफ्नो बाबुको मृत्युसंस्कार सम्पन्न गर्न शहरबाट गाउँतिर गइरहेको छोरोको माध्यमबाट बयान गरिएको छ। बाउको अचानक मृत्यु भएपछि गाउँमा आमालाई भेट्न छोरो जान्छ। तर उसकी आमा घरमा छैनन्। उनी आफ्नो श्रीमानले पढाउने स्कूलको अगाडि हिउँले कठ्याङ्ग्रिएर बसिरहेकी छिन्। घरमा आमालाई नभेटेपछि छिमेकीहरूबाट थाहा पाएर छोरो स्कूलमा पुग्छ र आमालाई घरमा लिएर आउँछ।

घरमा आइपुगेपछि आमाले उसलाई पुरानो तान ठीक पारिदिन भन्छिन्। पुरानो तानमा कपडा बुनेर त्यही कपडाले आफ्नो लोग्नेको कात्रो बनाउने उनको विचार छ। त्यसो गर्दा बढी र अनावश्यक मेहनत पर्ने हुनाले छोरो त्यसो नगरौं भन्छ, तर आमा मान्दिनन्। जमाना धेरै अगाडि बढिसके पनि आमालाई पुरानै

चलनप्रति मोह छ। त्यसैले उनी बजारबाट कपडा किन्नेमात्र होइन कि दिनभरि हिंडेपछि मात्र पुगिने अस्पतालमा रहेको आफ्नो लोग्नेको शवलाई पनि गाडीमा राखेर गाउँमा ल्याउने कुरा मान्दिनन्। त्यसपछि छोरोले वर्षौं प्रयोगमा नआएको तान ठीक पारिदिन्छ र आमा तानमा कपडा बुन्न थाल्छिन्। त्यसपछि फ्ल्यासब्याक शैलीमा चलचित्रको कथा अघि बढ्छ।

**चलचित्रको पूर्वकथाः**

गाउँको स्कूलमा पढाउन एकजना युवक आउँछ। उसको स्वागत गर्न गाउँलेहरू बाटोमा जम्मा भएका छन्। त्यहाँ गाउँका युवायुवतीहरू पनि छन्। तीमध्ये एउटी युवतीले नयाँ आएको शिक्षकलाई देख्छे र आकर्षिक हुन्छ। त्यस शिक्षकलाई गाउँलेहरूले पालैपालो घरमा निम्त्याएर खाना ख्वाउने गर्छन्। त्यस्तै, स्कूलको भवन मरम्मत सम्भार गर्न शिक्षक तथा गाउँलेहरू जुट्छन्। त्यसबेला गाउँका सबै घरबाट उनीहरूका निम्ति खानेकुरा बनाएर लागिदिने चलन बसालिन्छ। शिक्षकप्रति आकर्षित यी युवती पनि बडो प्रेमपूर्वक खानेकुरा पकाएर स्कूलमा लागिदिन्छे। गाउँलेले बनाइदिएका खानेकुराहरू सबैले खान्छन्।

मैले पकाएको खाने कुरा ती शिक्षकलाई मिठो लाग्यो होला कि नमिठो लाग्यो होला, अथवा उनले मैले बनाएको खाने कुरा नै खान पाएनन् कि भन्ने चिन्ता यी युवतीलाई लागिरहन्छ। तर ऊ लज्जालु छे। केही सोध्न सक्दिन। ऊ त्यो शिक्षकको अगाडि परेर बोल्न पनि सक्दिन। तर उसलाई त्यो शिक्षकलाई




हेर्न र भेट्न मन लागिरहन्छ। ऊ कहिले बाटोछेउमा कुरेर उसलाई हेर्छे, कहिले स्कूलनेर पुगेर हेर्छे। कहिले शिक्षिकले मीठो स्वरमा पढाइरहेको आवाज सुनेरै सन्तुष्ट हुन्छे।

गाउँमा दुईटा इनारहरू छन्। एउटा पुरानो इनार स्कूलनेर छ भने नयाँ बनाइएको अर्को इनार अलिपर छ। यी युवती चाहिँ अब त्यस शिक्षकलाई हेर्न र उनले पढाउँदा आएको आवाज सुन्न स्कूलनेरको पुरानो इनारमै पानी लिन जान्छे। ऊ सँधै पुरानो इनारमै पानी लिन जान थाल्छे। एकदिन शिक्षकले युवतीलाई इनारबाट पानी तानिरहेको देख्छ। अनि ऊ पनि युवतीलाई भेट्ने इच्छाले इनारमा पानी लिन जान खोज्छ। पानीको भाँडो बोकेर शिक्षक पनि आउन लागेको देखेपछि भरिइसकेको पानीको भांडोबाट युवतीले इनारमा पानी खन्याइदिन्छे। तर अर्को एकजनाले भाँजो हाल्नाले त्यो शिक्षक इनारमा आउन पाउँदैन। युवती हिस्स पर्छ र फेरि पानी तान्छे।यस दृष्यमार्फत् शिक्षक र युवती बीचको प्रेमलाई एकदम सरल तथा स्वभाविक किसिमले देखाइएको छ।

चलचित्रमा यस्ता प्रसंगहरू आइरहन्छन्। त्यसपछि गाउँलेहरूलाई शंका हुनथाल्छ। यी युवती र ती शिक्षकबीच प्रेम हुनथालेको गाईंगुई सुरु हुन्छ। तर यी युवती र ती शिक्षक दुवैलाई यस कुराको कुनै वास्ता हुँदैन।

स्कूलमा गाउँलेले लगिदिने खानेकुराहरूमध्ये आफूले बनाएको खानेकुरा चाहिँ ती शिक्षकले खाऊन् भन्ने उनको धोको हुन्छ। त्यसैले एकदिन युवतीले गाउँलेलाई ती शिक्षकले कुन चाहिँ खानेकुराको भाँडो लिन्छन् भनेर सोध्छे। सबभन्दा छेउको भाँडो हामी हाम्रा माड्साप‍लाई दिन्छौं भन्ने जवाफ पाएपछि अर्को एक दिन युवतीले बडो मेहनतसँग बनाएको खानेकुरा लिएर फुरुङ्ग पर्दै स्कूलमा जान्छे र खानेकुराका भाँडाहरू राख्ने ठाउँमा सबभन्दा छेउमा आफ्नो भाँडो राखिदिन्छे। तर धेरै हातहरूमध्ये उसको खानेकुराको भाँडो उठाउने हात उसको प्रिय शिक्षकको हो कि होइन उसले थाहा पाउन सक्दिन। ऊ निराश भएर घर फर्किन्छे।

"यी, ल हेर्नुस्। तपाईंले यो भाँडो चिन्नुभएको छ ? राम्ररी हेर्नुस् त !"

एकदिन घरमा खाना खान आएको बेलामा युवतीले अकस्मात् शिक्षकलाई त्यो भाँडो देखाएर भन्छे, जुन भाडोमा उसले खानेकुरा लगिदिने गरेकी थिई। पहिलोपटक युवतीले शिक्षकसंग आफ्नो प्रेम त्यसरी व्यक्त गर्छे।

अन्ततः शिक्षकलाई दक्षिणपन्थी भएको आशंकामा त्यहाँबाट लखेटिन्छ। आफू गाउँ छोडेर जानुअघि शिक्षकले युवतीको घरमा आएर आफू जान लागेको कुरा सुनाउँछ। युवती दुःखी हुन्छे। 'खाना खाएर गए हुन्न र ?' भनेर सोध्छे। शिक्षकलाई गाउँका अधिकारीहरूले हतार हतार ट्र्याक्टरमा चढाएर शहरतिर लैजान्छन्। युवतीले शिक्षकलाई मनपर्ने खाना बनाएकी हुन्छे। नखाइकन हिंड्यो भन्ने थाहा पाएपछि ऊ चिनियाँ माटोको ठूलो कचौरामा मःम हालेर त्यसलाई कपडाले छोपेर शिक्षकलाई दिन दौडिन्छे। ट्र्याक्टर पर पुगिसकेको छ। युवती मःमको कचौरा बोकेर छोटो बाटो दगुर्छे। बेतोडले दगुरादगुर गर्दा पनि उसले भेट्टाउन सक्दिन। तै पनि बल गरेर फेरि दगुर्छे। ऊ बाटोमा अल्झेर लड्छे। मःमःको कचौरा बजारिएर फुट्छ। युवती असाध्य दुःखी भएर रुन्छे। एकछिनपछि फुटेको कचौराका टुक्राहरू बटुलेर ऊ थकित मुद्रामा घर फर्कन्छे। घरमा अन्धी हजुरआमा छिन्। नातिनीले पाएको दुःख हजुरआमाले थाहा पाइहाल्छिन्।

राती युवतीलाई ज्वरो आउँछ। बाहिर हिउँ पर्न थाल्छ। हुरी चल्छ। हुरीको वेगले रूखका पातहरू झर्न थाल्छन्। त्यस्तो अवस्थामा हजुरआमा र नातिनीको दुःख हृदयविदारक देखिन्छ।

यस चलचित्रका शिक्षक र युवती चलचित्रको कथा भन्ने केटोका बा र आमा हुन्। यो कथा त्यस केटाले उसलाई आमा र बाले बेलाबेलामा भनेका घटनाहरू जोडेर दर्शकलाई भनिरहेको छ।

शिक्षक शहर गएको बेला त्यो युवती स्कूलमा जान्छे। कक्षा कोठा बढारकुडार गर्छे। स्कूलका बेन्च र डेस्कहरू सफा गर्छे। ब्ल्याक बोर्डमा शिक्षकले लेखेका अक्षरहरू छन्। युवती ती अक्षरहरूलाई जोगाउँछे र खाली ठाउँ पुस्छे। यस्ता दृष्यहरूबाट चलचित्रमा शिक्षकप्रति त्यस युवतीको प्रेमलाई मार्मिक ढंगले देखाइएको छ।

त्यस्तै, युवतीले मःम राख्ने कचौराका फुटेका टुक्राहरू जतनले राखेकी छ। फुटेका भाँडाहरू जोडेर दुरूस्तै बनाइदिने मिस्त्रीलाई बोलाएर एकदिन हजुरआमाले ती टुक्राहरू जोड्न लगाउँछिन्। नातिनीको मनको व्यथा बुझेर हजुरआमाले युवतीलाई खुसी पार्न त्यसो गरेकी छिन्। बाहिरबाट फर्केर युवती घर आएपछि बनेको कचौरा देखेर अत्यन्त खुशी हुन्छे। हजुरआमा र नातिनीबीचको आपसी प्रेम सम्बन्ध र समझदारीलाई यस दृश्यबाट राम्ररी दर्शाइएको छ।

त्यस्तै, रातो ज्याकेट लगाउने गरेकी युवतीको कालो कपाललाई सुहाउँछ भनेर शिक्षकले एउटा रातो किलिप उपहार दिएको छ। तर शहरतिर गइरहेको शिक्षकलाई भेट्न दगुरादगुर गर्दा त्यो किलिप बाटोमा हराउँछ। त्यसपछि त्यो युवती बिहान उठेदेखि रात परुञ्जेलसम्म बाटोभरि किलिप खोजिरहन्छे र थाकेर लखतरान भएर घर फर्कन्छे। युवतीको त्यस शिक्षकप्रतिको अगाध प्रेमलाई यस दृश्यले प्रभावकारी शैलीमा देखाएको छ।

आखिरमा शहरबाट फर्केर शिक्षक गाउँमा आउँछ र स्कूलमा पढाउन थाल्छ। यसबेला बाहिर मौसम सफा देखिन्छ। फूलहरू फुलेका देखिन्छन्। युवतीको अनुहार पनि खुसीले उज्यालो भएको देखिन्छ। युवती पुरानो इनारमा पानी लिन गएकी छ। ऊ शिक्षकको स्वर सुन्छे र स्कूलको कक्षा कोठानेर पुग्छे। ऊ अब अत्यन्त खुसी हुन्छे। तर यस्तो खुसी धेरैबेर टिक्दैन। गाउँको प्रमुख र गाउँलेहरूले उसलाई फेरि दक्षिणपन्थी भएको आरोप लगाएर गाउँबाट पठाउँछन्। युवती फेरि ऊ कहिले फर्केला भनेर पर्खिरहन्छे। हिउँ परिरहेको बेला जाडोले कठ्याङ्ग्रिएर बाटोमा आँखा गाडिरहेकी युवतीको मनोदशा चलचित्रमा निकै प्रभावकारी छ।

» बाँकी ३ पेजमा

## कविता

### म तिमीलाई खुला आकाश दिन्छु

**उषा शेरचन**

आँखीझ्यालबाट हेरेर
यो सीमित संसार
अँध्यारो कुवाभित्र रुङेर
यो सानो संसार

कुँजिरहेछु म
छट्पटाइरहेछु म
निस्सासिरहेछु म

छोरी !
तिमीलाई अब
यो आँखीझ्यालबाट देखिने
सीमित संसार मात्रै हेरेर बस
कदापि भन्दिनँ म
यो सानो कुवाभित्रको
भ्याकुता मात्रै बनेर बाँच
कदापि भन्दिनँ म

लत्याउ
पर्खालभित्रका हैकमी आदेशहरू
फुकाल
बुँलाकि र कल्लीहरू
छिनाल
सदियौँदेखि
बाँधिराखेका
यी पावन्दीका दाम्लाहरू
खोल
युगौँदेखि
थुनिराखेका
यी पिँजडाका ढोकाहरू
र,
स्वतन्त्र भएर उड
उन्मुक्त भएर उड

अचानो बन्न अस्वीकार गर्दै
खुकुरीको धार आफैँ बन्नू तिमी
गलत इतिहास मेटाउँदै
नयाँ इतिहास आफैँ रच्नू तिमी

सधैँभरि कुरीतिको
कालकोठरीमा
दबिएर बस्न अभिशप्त
तिम्रा इच्छा र आकांक्षाका
गुलाबी फूल सिउरेर

सधैँभरि समाजको
बलिबेदीमा चढ्न अभिशप्त
तिम्रा सपना र चाहनाका
इन्देणी माला पहिरेर

मैले उघार्न नसकेको क्षितिज
उघार्न जाउ तिमी
मैले हेर्न नपाएको संसार
हेर्न जाउ तिमी
मैले छुन नभ्याएको आकाश
छुन जाउ तिमी

उठ छोरी, उठ…………।
म तिमीलाई सुनौलो बिहानी दिन्छु !

उड छोरी, उड…………।
म तिमीलाई खुला आकाश दिन्छु !!

म तिमीलाई खुला आकाश दिन्छु !!!

विमर्श

# जीव विज्ञान नारी जातिको नियति होइन–२

एभलिन रीड

(प्रायः मानिसहरू महिला शारीरिक रूपमा पुरुषभन्दा कमजोर हुन्छन् भन्ने सोंच्छन् । तर, यो सोच गलत छ । महिला र पुरुषमा शारीरिक फरकपन छ, तर त्यसको अर्थ महिलाभन्दा पुरुष श्रेष्ठ छ भन्ने होइन । शारीरिक रूपमा महिला पुरुषभन्दा कमजोर छैनन् । महिला कमजोर छन् भन्ने चिन्तन मानवनिर्मित हो । जैविक हिसाबले महिला पुरुषभन्दा कमजोर होइनन् भन्ने तथ्य प्रसिद्ध अमेरिक मानवशास्त्री एभलिन रीडले यस लेखमा पुष्टि गरिदिनुभएको छ । रीडको यो प्रसिद्ध लेख 'इज बायोलोजी वुमिन्स् डेस्टिनी ? शीर्षकको अंग्रेजी लेखबाट नेपालीमा अनुवाद मुरारी अर्यालले गर्नुभएको थियो । जसको प्रकाशन पारिजातले वि.सं. २०४२मा गर्नुभएको थियो । हाल बजारमा अप्राप्य रहेको यस लेखको पुनःप्रकाशन गरिएको छ । मुरारी अर्यालले गर्नुभएको अनुवादमा सामान्यक भाषिक सम्पादनमात्र गरिएको छ । अनुवादको क्रममा अर्यालले एप्स बाँदर शब्द प्रयोग गर्नुभएको छ । बुझाई सरल होस् भन्ने उद्देश्यले त्यसो गरिएको होला । तर यसको अर्थ आजको बाँदर होइन नरमानवको अर्थमा हो । लेखको पहिलो भाग फागुन ३० गतेको पाहुरमा प्रकाशित भएको छ ।)

**स्त्रीजातिको हीनतासम्बन्धी 'गर्भाशयसिद्धान्त'**

जीवविज्ञान र मानवशास्त्र दुवै नयाँ विज्ञान हुन् । सामाजिक तथा राजनैतिक महत्त्वका गम्भीर प्रश्नहरूबारे यी दुवै शास्त्रमा गलत व्याख्या, काल्पनिक निष्कर्ष तथा खुलेआम झूठ आदि विलकुल सम्भव छन् । यो तथ्य र धेरै नै जीवशास्त्री तथा मानवशास्त्रीहरू पूँजीवादका सैद्धान्तिक कैदी भएको तथ्यले स्त्री जातिबारेको सत्य रहस्योद्घाटन हुन भन् गाह्रो परेको छ । यस्ता विशेषज्ञहरूको विचारमा गर्भाशयसहित जन्मिएका स्त्रीजाति शारीरिक नियन्त्रणबाट कहिल्यै मुक्त हुन सक्तैनन् । स्त्रीजातिले सधैंभरि आफ्नो प्रजनन क्रियाको दास बनेर रहनुपर्दछ ।

स्त्रीजातिको हीनतासम्बन्धी यो 'गर्भाशयसिद्धान्त' र यसको उपज पुरुष श्रेष्ठतासम्बन्धी 'लिंगसिद्धान्त' दुवै उत्तिकै झूटा सिद्धान्त हुन् । व्याख्या गर्न नसकिने तर अद्‌भूत कारणहरूले गर्दा यी यौन प्रजनन अंगहरूले भाले तथा पोथीजातिको अन्य क्षमता निर्धारण गरेको बताइन्छ । स्वास्नीमानिसहरूलाई उनीहरूको गर्भाशयले मूर्ख तुल्याएको हुँदा दिमाग, सोच्ने सामर्थ्य र माथिल्लो स्तरको सांस्कृतिक चेतनाको विकास संभव भएन । तुच्छ गर्भाशयको साटो आफ्नो उत्तेजित यौन तन्तुले गर्दा पुरुषमा बुद्धि तथा अन्य सम्बद्ध क्षमताको विकास हुनसक्यो । यी दुवै भनाइहरू काल्पनिक सोचाइ हुन्, वैज्ञानिक मान्यता होइनन् । वास्तविकतालाई केलाउँदा पशुविश्वमा स्त्री होइन पुरुष पो बाँधिएको देखिन्छ । यसो हुनाको मूल कारण पुरुषयौनचरित्रको प्राकृतिक विशेषता नै ध्वंसात्मक चरित्र हुनु हो । भाले चरित्र प्रतियोगात्मक भएको र कुनै खास पोथीको लागि आपसमा जुध्ने गरेको । कुनैखास पोथीको प्राप्तिको अर्थमा यसलाई 'ईर्ष्यालुपन' भित्र राख्न सकिदैन । व्यक्तिगत चाहना या कोमलताको भावनाले अलिकति मात्र पनि परिवर्तित नभएको यस असभ्य झगडालु प्रकृतिले भाले जनावरलाई कुनै पनि, अझ सके सबै, पौथीप्राप्तिको चाहनातिर धकेल्दछ । कुनै खास पशुजातिमा भालेहरू आपस्तमा पारिवारिक स्तरको लागि मात्र पनि लड्दछन्, कैयन जातिमा पोथीको अनुपस्थितिमा पनि झगडा हुन्छ । सर सोली जुकरमेन भन्ननुहुन्छ, 'यौनोत्तेजित पशुहरूको झगडालु प्रकृतिले उनीहरूको मनोवैज्ञानिक स्थितिलाई व्यक्त गर्दछ, र यसमा पोथीको उपस्थितिले कुनै असर पार्दैन' (बाँदर र बिना पुच्छरे बाँदरको सामाजिक जीवन रुवलेन, केगेन पौल लि पृष्ठ ६९) ।

भाले कामुकताको यस्तो जुधाहा चरित्रले गर्दा उनीहरू फुटाहा, एकलकाँटे तथा आपसी सहयोग समूहमा बस्न नसक्ने हुन्छन् । बढीभन्दा बढी भालेहरू एउटै चरण या यौन क्रिया हुने स्थानमा अरू भालेको उपस्थितिलाई सहन गर्न सक्दैनन् । यस्तो आपसमा सहयोग गर्न नसक्ने भाले प्रकृति समूहगत सम्बन्धको हिसाबमा ठूलो अवरोध सावित भएको छ ।

आफ्नो मातृत्वसम्बन्धी क्रियाकलापले गर्दा पोथीहरू भने यसरी अवरुद्ध हुँदैनन् । पोथीहरूबाट आमा तथा बच्चाहरू संलग्न भएको समूहको निर्माण हुन्छ र यस्तो समूहमा आपसी सहयोग तथा मातृत्वको विकास हुन पाउँदछ । केही जातिहरूमा, माथिल्ला स्तरका स्तनपायी तथा कहिलेकाहीं सिंहनी जस्तो गौरवशाली जातिमा समेत, कैयन पोथी तथा बचराहरूको ठूलो झुण्ड निर्माण भएको हुन्छ । फेरि संघर्षकै दौरानमा पनि भालेले आफ्नो मात्र सुरक्षा गरे पुग्दछ भने मातृत्वकार्यले गर्दा पोथीले आफ्ना बालबच्चा तथा आफ्नो समेत 'भरणपोषण एवं सुरक्षामा संलग्न हुनुपर्दछ । यस्तो समूहगत कार्यको नियमित उपयोगले गर्दा पोथीहरू, भाले होइन, बढी बुद्धिमान्, मानसिक रूपमा तेज तथा धूर्त एवं क्षमतावान् सावित भएका छन् । पोथीपशु, खासगरी, बच्चासहितको, निकै खतराजनक हुन्छन् र माथिल्लो स्तरको सावधानी आवश्यक हुन्छ भन्ने तथ्यलाई शिकारीहरू स्वीकार गर्दछन् । स्त्रीजातिको यस्तो तीक्ष्ण बुद्धि ठूला स्तनपायी जनावरहरूमा सबभन्दा बढी विकसित हुन्छ- किनभने ठूला स्तनपायीहरूमा मातृत्वकार्य र बालबच्चाको देखरेखमा बढी ध्यान दिइन्छ । विकासको यो पक्ष मानिसजातिमा सर्वोच्च विन्दुमा पुग्दछ । रबर्ट आर्द्र जस्ता कट्टर पुरुष श्रेष्ठताका वकिलले पनि स्वीकारेका छन्, 'जनावरविश्व जतिजति माथि चढ्दछ, पोथीको शक्ति पनि बढ्दै जान्छ, 'आजसम्म भालेको अल्छेपन नै पोथीको शक्तिको स्रोत रहेको छ' (अफ्रिकन जीनेसिस (डेल पब्लीसिङ्ग कम्पनी) पृष्ठ १२५) । रबर्ट ब्रिफौल्टले त ठाडै भनेका छन्, 'भाले जनावर पोथीभन्दा बढी मूर्ख हुन्छ ।'

यी विचारहरूबाट स्त्रीजातिको हीनताबारे, 'गर्भाशयसिद्धान्त'को कुनै प्राकृतिक आधार नभएको प्रष्ट हुन्छ । जातिको निरन्तरता नै समेत स्त्रीजातिको वरिपरि घुमेकोले उत्पत्तिदेखि नै प्रकृति स्त्रीजातिको पक्षधर रहेको पाइन्छ । जीवनको लागि हुने संघर्षमा स्त्रीजातिलाई मातृत्वकार्य सम्पादन गर्दा थप फाइदा मिल्दछ, यसले समस्त स्तनपायीहरू मध्ये मानवजातिलाई जीवनको प्राकृतिक ढाँचामा बाँच्नुको साटो श्रमकार्यको मद्दतबाट एउटा बेग्लै किसिमको ढाँचामा संक्रमण गराएको छ । बाँदरबाट मानिसमा संक्रमण हुँदा मार्गदर्शन पुरुषको होइन नारीको थियो । सहयोगसम्बन्धी आफ्नो क्षमता तथा सामर्थ्यको हिसाबमा बढी विकसित स्त्रीजातिले नै उत्पादक जीवनको सूत्रपात गरेर नयाँ तथा अद्‌भूत मानव जातिको स्थापना गरेको हो । (स्वास्नीमानिसको हीनताको मिथक, 'महिला मुक्तिको समस्या', एभलिन रीड, पाथ फाइण्डर प्रेसमा संकलित) ।

यसैले पशु साम्राज्यको मातृसत्तात्मक झुण्डबाट पौराणिक मानवविश्वकोमातृसत्तात्मक समाज प्रादूर्भाव भएको हो । मानव समाजको प्रादूर्भाव भएको लाखौं बर्षपछि विकास भएको पितृसत्तात्मक वर्गसमाजमा मात्रै स्वास्नीमानिसलाई पशुको स्तरमा पतन गराइएको अनि सामाजिक जीवनको विकासक्रममा देखापरेका उच्चस्तरीय मानवमूल्यका क्रियाकलापहरूमा संलग्न हुन नदिएर केवल मातृत्वक्रियामा सीमित रहन विवश तुल्याइएको हो । निजी सम्पत्ति, पारिवारिक संगठन तथा पुरुषश्रेष्ठतामा आधारित समाजमा स्त्री जातिको प्राकृतिक सम्पदा- गर्भाशय र मातृत्वकार्यलाई आजसम्म उनीहरूमाथि शोषण तथा उत्पीडन लाद्ने साङ्लोमा परिवर्तन गरिएको छ तर यस्तो परिस्थिति मानवनिर्मित कुरा हो, प्रकृतिबाट निर्मित तत्त्व होइन ।

'गर्भाशयसिद्धान्त' को वकालत गर्दै स्त्रीजातिको हीनतासम्बन्धी आफ्नो गलत निष्कर्षलाई अघि बढाइरहेकाहरूले पुरुषको अनन्त श्रेष्ठसम्बन्धी उस्तै गलत सिद्धान्त अघि बढाएका छन् । जीवविज्ञानलाई कल्पनाविज्ञानको स्तरमा पुऱ्याउने यस्ता महाशयहरू आजको पितृसत्तात्मक समाजको इतिहासलाई पशुविश्वसम्म तन्क्याउँदछन् । उनीहरूको भनाइमा पशुपरिवारमा पनि मानिसको जस्तै आफूमा आश्रित स्वास्नी तथा बच्चाहरूको लालनपालन र संरक्षणका लागि परिवारको मुली भाले पशु हुन्छ । पोषण र संरक्षणकार्यले भालेलाई श्रेष्ठता प्रदान गर्दछ । यही पशुनायक प्रभुत्वशाली पुरुष हो । उपन्यास लेखकहरूको कल्पनामा जस्तै पशु नायक पितृसत्तात्मक समाजको लोग्ने र बाबुको समरूप हुन्छ । अझ रसिक कल्पनाकारहरूले त यस्तो भाले पशुलाई बादशाही ढाँचामा बस्ने, स्वास्नी, भित्रिनी तथा महिला दासीहरूको जमातले घेरिएको र ती सबैको भाग्यनिर्माता तथा जीवनदायकको रूपमा चित्रित गर्दछन् । यस्तो हाँसोलाग्दो परिकल्पनाको पछाडि कस्तो सत्यता रहेको होला ?

**प्रभुत्वशाली पुरुषः तथ्य र कल्पना**

भालेपशुको आपस्तमा जुध्ने तथा प्रतिद्वन्दी चरित्रले गर्दा प्रकृतिमा 'प्रभुत्वशाली पुरुष'को अस्तित्व विद्यमान हुन्छ । पुरुषहरू यौन क्षेत्रमा पनि अरूलाई परास्त गरेर प्रथम स्थान प्राप्त गर्न खोज्छन् । विजयी भाले परास्त भालेहरूमाथि शासन गर्छ र उसको शासन केही समयको निम्ति या ऊभन्दा शक्तिशाली भालेले उसलाई परास्त नगरूञ्जेलसम्मको लागि कायम रहन्छ ।

तर प्रभुत्व कायम गर्न लादिएको यस युद्धको मूल विन्दुलाई अक्सर छोडिने वा बंग्याइने गरिन्छ । यो प्रत्येक भालेले अर्को भालेसँग गर्ने भालेहरूको आपसी संघर्ष हो । प्रभुत्वशाली पशुले आफ्ना प्रतिद्वन्दीहरूलाई नाश पारिदिए तापनि त्यसपछि उसले सामीप्य पाएको पोथी या पोथीहरूको समूहमा उसको आधिपत्य रहँदैन । जहाँसम्म पोथीको सवाल छ विजेता भालेले आफूमाथि गर्भाधान गर्न उनीहरूले स्वीकार गर्लान् बस यत्ति हो । पोथी मातृत्वचक्रमा प्रवेश गरेपछि यस्तो स्वीकारोक्तिको स्वतः अन्त्य हुन्छ किनभने यस कालमा उनीहरू भालेको संसर्गमा बस्दैनन् र प्रसवक्रिया तथा बच्चाको पालनप्रक्रियामा संलग्न हुन्छन् । भालेहरूको संघर्षको उपज जेसुकै होस् पोथीहरू पूर्णतः आत्मनिर्भर हुन्छन् र भालेको सहयोग विना नै बालबच्चाको पालनपोषण गर्दछन् ।

अक्सरगरी आफूलाई वैज्ञानिक भनी टोपल्ने मानिसहरूले लेखेका बालकथाहरूमा बाहेक पशुविश्वमा पितृपरिवार भन्ने कुनै वस्तु हुँदैन । चरा तथा माछाका केही जातिहरूमा भालेले पनि फूलको संरक्षणमा भाग लिएको देखिन्छ । यसले त्यस्तो परिवारकै त होइन, पुनर्उत्पादन प्रक्रियामा त्यस्तो खास विशेषताको विकास भएको मात्र जनाउँदछ । प्राणीजातिको असंख्य बहुमतमा, मानवसंक्रमणका सबभन्दा नजिकका हकदार स्तनपायीहरूमा समेत बच्चाको स्याहार-सुसार, औषधी जस्ता सम्पूर्ण कार्य आमाले नै गरेको पाइन्छ । ब्रिफौल्टले जोड दिनुभएको छ, "चाहे भाले होस्, चाहे पोथी प्रत्येक वयस्क पशुले आर्थिक मामिलामा आफ्नो मात्र आवश्यकता पूरा गर्दछ" र यस भनाइमा अलिकति पलयान भएर पोथीपशुले आफ्ना बच्चाहरूको लागि समेत जगेर्ना गरेको भेटिन्छ । अर्को शब्दमा पशुसंसारको भालेयौनपक्षले पितृत्वलाई जन्माउँदैन । यसको ठीक विपरीत भालेसँग सम्बद्ध यौनजन्य आक्रामकताले पितृत्वको विकासमा बाधा पुर्याउँदछ । मातृत्व जस्तै पूर्ण विकसित पुरुषपक्षको पितृत्वसम्बन्धी गुण त केवल मानिसहरूमा भेटिन्छ । यसैको उद्‌भव पनि पुरुषले आफूलाई प्रत्यक्ष शारीरिक नियन्त्रण या प्रकृतिबाट मुक्त तुल्याई नयाँ मानवीय पक्ष अङ्गीकार गर्न थालेपछि मात्र भएको हो । सामाजिक जीवन र सामाजिक जीवनबाट मात्रै उनीहरूले यौनसम्बन्धी नयाँ व्यवहार जानेका हुन् र त्यसैबाट पितृत्वकार्य आएको हो ।

स्वभावैले आक्रामक तथा जुधाहा लिङ्ग भएकोले आफ्नो पशुपरिवार को संरक्षक भालेलाई मानिएको हो भन्ने पनि गरिन्छ । तर यो ठाडै कल्पनाभित्रको वस्तु हो । केही विकसित स्तनपायी जातिमा सबभन्दा भित्री पोथी र बच्चा अनि तिनको वरिपरि भालेहरूको वृत्ताकार घेरा बनी बस्ने प्रचलन भेटिएको छ । खतरा आइपरेमा संकेतको आदान हुने देखिए तापनि यस्तो झुण्डका भालेहरूले आफ्नो पोथी तथा बच्चाको जीवन बचाउन जुधेको देखिदैन; उनीहरू आफ्नो जीवनका निम्ति मात्र लडेका पाइन्छन् ।

चाहे लडून्, चाहे भागून्, पशुविश्वमा सबैले आ-आफ्नो रक्षा गर्दछन् । तर पोथी माउले आफ्नो बच्चाको जीवनको निम्ति जुध्नु चाहिं सामान्य भएको छ । त्यसैले तथाकथित् पशुपरिवार आमाद्वारा मात्रै संरक्षण तथा पालन भएको हुन्छ । बाबुको पालन तथा संरक्षणमा रहेको आजको हाम्रो पितृसत्तात्मक समाजसँग यसको टाडाको पनि सामीप्य भेटिदैन ।

» *क्रमशः*

**एउटा ...**

निकै लामो पर्खाइपछि एकदिन शिक्षक फर्किन्छ । र, युवतीसँग उसको बिहा हुन्छ भन्ने कुरा खुलाएपछि यस फिल्मको पूर्वकथा सकिन्छ ।

यता अहिले भने बुढी भएकी पहिलेकी युवती तान बुनिरहेकी छे ।

बुनिसक्छे । छोरोले गाउँलेको सहयोगमा मलामीहरू जुटाउँछ र अस्पतालबाट बाउको लाशलाई गाउँमा ल्याउने बन्दोवस्त मिलाउँछ । त्यसको निम्ति उसले थुप्रै पैसा एकजना गाउँलेलाई दिन्छ । तर शिक्षकको मृत्युको खबर पाएपछि उसले पढाएका विद्यार्थीहरू विभिन्न ठाउँबाट आउँछन् र आफ्नो प्यारो शिक्षकको शवयात्रामा सामेल हुन्छन् ।

उनीहरूले पालैपालो शव राखिएको गाडा तान्छन र गाउँमा पुऱ्याउँछन् । गाउँको त्यही पुरानो इनारनेर शिक्षकको शव गाडिन्छ । शव तान्नेहरू कसैले पनि एक पैसा पनि लिंदैनन् । शवयात्राको यस दृष्यलाई चलचित्रमा अत्यन्त प्रभावकारी ढंगले देखाइएको छ ।

मृत्यु संस्कार बाबुको सकिएपछि छोरोले एक्ली बुढी आमालाई आफूसँगै शहरमा लैजान खोज्छ । तर आमा मान्दिनन् । बाबुले चालीस वर्षसम्म पढाएकोस्कूलको भवन नयाँ बनाउने र त्यसैमा छोरोले पनि पढाउने गरेमा बावुको सपना साकार हुन्छ भनेर आमाले छोरोलाई भन्छिन् । अन्त्यमा शहरबाट फर्केर छोरो आउँछ र त्यही स्कूलमा पढाउन थाल्छ । छोरोले पठाएको स्वर सुनेर बुढी आमा सकीनसकी स्कूलमा जान्छिन् । छोरोले कक्षामा बाउलेजस्तै पढाइरहेको देखेर उनी खुसी हुन्छिन् । यसरी यो फिल्म सकिन्छ ।

यो फिल्ममा अहिले का दृष्यहरूका रूपमा रहेको शुरूको पन्ध्र मिनेट र अन्तिमको पन्ध्र मिनेटलाई श्यामश्वेत रंगमा देखाइएको छ भने पहिलेको कथाका दृष्यहरूलाई रंगीन देखाइएको छ । रंगहरूको प्रयोगद्वारा पनि निर्देशक झाङ यिमाउले यस चलचित्रमा अर्थ र सुन्दरता दुवै थपेका छन् ।

त्यसबाहेक फिल्ममा निकै कलात्मक किसिमले नाता सम्बन्धको गहिराईलाई देखाइएको छ । अन्धी आमा र छोरीबीचको प्रेम सम्बन्ध, शिक्षक र विद्यार्थीहरूबीच हुने प्रेम सम्बन्ध र आमा र छोराबीचको ममताको सम्बन्ध जस्ता भावनात्मक विषयलाई दृष्यमा उतार्ने काममा निर्देशक झाङ यिमाउले निकै कुशलता दर्शाएका छन् । प्रेमकथाको रूपमा बुनिएको चलचित्र भए पनि यसभित्र सन् १९५८ को समयको चीनको राजनीतिक मिजास पनि व्यक्तिएको छ । चीनमा त्यतिबेला चलेको 'ग्रेट लिप फरवार्ड'मा मानवीय सम्बन्ध र मुलुकको यथार्थलाई राम्ररी ठम्याउने क्षमता थिएन र त्यहाँ थुप्रै त्रुटीहरू थिए भन्ने कुरा अप्रत्यक्ष ढंगले चलचित्रले व्यक्त गरेको छ ।

बाओ शीको पटकथामा तयार भएको यो चलचित्र उनैको उपन्यास रिमेम्बरेन्समा आधारित चलचित्र हो । यस चलचित्रलाई प्रभावकारी तुल्याउन युवतीको भूमिकामा अभिनय गर्ने झाङ जिई र शिक्षकको भूमिकामा अभिनय गर्ने सुन होइ लीको प्रभावकारी अभिनयले पनि महत्त्वपूर्ण योगदान गरेको छ ।

(नवयुवा वर्ष ९, पूर्णाङ्क ९४बाट साभार)

**यस्तो...**

वातावरण संरक्षणका लागि उनले 'फोर्स नेपाल' संस्था खोलेर 'वान ट्री-मेरो जिम्मेवारी' जस्ता अभियानहरू चलाए, जसले उनलाई भुइँतहका मानिसहरूसँग जोड्न मद्दत गऱ्यो । उनै श्रेष्ठले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी पाएका हुन् ।

**युवा अनुहारको वर्चस्व**

मन्त्रिपरिषद्मा युवा अनुहारको वर्चस्व छ । प्रधानमन्त्री बालेन आफैं ३६ वर्षका छन् । ३५ वर्षीय पूर्वाधार एवं वातावरणविज्ञ सुनिल लम्सालले भौतिक पूर्वाधार मन्त्रालयको नेतृत्व पाएका छन् । लम्सालसँग पूर्वाधार, सहरी योजना र सुशासन क्षेत्रमा काम गरेको अनुभव छ । लम्साल २१ फागुनको निर्वाचनमा रूपन्देही क्षेत्र नम्बर १ बाट विजयी भएका थिए । बालेन काठमाडौं महानगरपालिकाको मेयर पदमा रहँदा लम्साल पूर्वाधार एवं वातावरण विज्ञका रुपमा कार्यरत थिए ।

२०४७ असोजमा स्याङ्जाको बिरुवा गाउँपालिकामा जन्मेका लम्साल दुई दशकदेखि रूपन्देहीको तिलोत्तमा नगरपालिका भलबारीका स्थायी बासिन्दा हुन् । भलबारीकै बोर्डिङबाट एसएलसी पूरा गरेका उनले त्यहीको लुम्बिनी इञ्जिनियरिङ कलेजमा पढे । एमाले निकट अनेरास्ववियूमा क्रियाशील रहेका उनी सन् २०११ मा त्यही कलेजमा स्ववियू सभापति निर्वाचित भए ।

लम्साललले तिलोत्तमामै रहेको लुम्बिनी इञ्जिनियरिङ कलेजबाट सिभिल इञ्जिनियरिङमा स्नातक र भारतको नीति मिनाक्षी इन्स्टिच्युट अफ टेक्नोलोजीबाट स्ट्रक्चलर इञ्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । उनले हाल काठमाडौं विश्वविद्यालयबाट 'सोलिड वेष्ट म्यानेजमेन्ट' विषयमा विद्यावारिधि गर्दैछन् । लम्साललले इञ्जिनियरका रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पूर्वाधार परियोजनामा काम समेत गरिसकेका छन् । उनै लम्साललले भौतिक पूर्वाधार मन्त्रालयको नेतृत्व पाएका हुन् ।

३० वर्षीय सस्मित पोखरेल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बनेका छन् ।

२०५२ फागुन १ गते काठमाडौंमा जन्मिएका पोखरेल यसै क्षेत्रका स्थायी बासिन्दा हुन् । कानुनमा स्नातक गरेका सस्मित वैकल्पिक राजनीतिका अभियन्ताका रूपमा परिचित छन् । उनको प्रारम्भिक शिक्षा तथा प्लस टु तहसम्मको अध्ययन अमेरिकामा भएको हो । नेपाल फर्किएपछि काठमाडौं विश्वविद्यालय स्कुल अफ ल बाट बीएएलएलबी अध्ययन पूरा गरेका छन् । २०७२ सालको विनाशकारी भूकम्पपछि अमेरिकामा रहँदै उनले नेपालका लागि 'अर्थक्वेक फन्ड' संकलन तथा व्यवस्थापन टोलीमा सक्रिय भूमिका निर्वाह गरेका थिए ।

उनको राजनीतिक यात्रा विवेकशील अभियानबाट सुरु भएको हो । वैकल्पिक राजनीति र युवाको सक्रिय सहभागिताको पक्षमा उभिँदै उनी विवेकशील साझा युवा संगठनका नेता बने तथा विवेकशील साझा पार्टीको केन्द्रीय समिति सदस्यसमेत भए । २०७९ सालको स्थानीय तह निर्वाचनमा काठमाडौं महानगरपालिकामा बालेन शाहलाई विजयी गराउन उनी सडक, सामाजिक सञ्जाल तथा संगठनात्मक मोर्चामा अग्रपंक्तिमा खटिएका थिए ।

बालेन शाहको विजयपछि उनको टिममा रहेर काठमाडौं महानगरपालिकामा सक्रिय रहे । महानगरपालिकामा उनले शिक्षा क्षेत्र हेर्ने सहायक विज्ञ तथा शहरी योजना आयोगमा सहायक विज्ञका रूपमा काम गरेका थिए । शिक्षा सल्लाहकारको हैसियतमा नीति निर्माणदेखि कार्यान्वयनसम्म महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका पोखरेल यसपटक संघीय सरकारको शिक्षा विज्ञान तथा प्रविधिमन्त्री बने । महानगरमा रहँदा पोखरेलको योजनाअनुसार सामुदायिक विद्यालयलाई प्राथमिकतामा राख्दै कक्षा १ देखि १२ सम्मका करिब २० हजार विद्यार्थीलाई कानुनसम्मत रूपमा छात्रवृत्ति वितरण भएको थियो । यसका लागि महानगरपालिकाले वार्षिक करिब ३.५ अर्ब रुपैयाँ बजेट व्यवस्था गरेको थियो । सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान, विद्यालय गुरुयोजना निर्माण, 'बुक फ्री फ्राइडे' कार्यक्रमको सुरुवात, भौतिक सौन्दर्यीकरण, आइसीटीमैत्री विकास, इसीडी कक्षाकोठा सुधार, दिवा खाजा कार्यक्रम तथा शिक्षक तालिमजस्ता पहलहरूमा उनको प्रत्यक्ष भूमिका खेलेका पोखरेललाई अब मुलुककै शिक्षा क्षेत्रको बागडोर सम्हाल्ने अवसर मिलेको छ ।

डा. विक्रम तिमल्सिना सञ्चारमन्त्री बनेका छन् । उनी २१ फागुनको निर्वाचनमा नुवाकोट १ बाट निर्वाचित भएका थिए । अष्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालय र क्विन्सल्याण्ड विश्वविद्यालयमा अध्ययन गरेका तिमिल्सिना शिक्षा र सञ्चारको क्षेत्रमा १५ वर्षदेखि क्रियाशील छन् । एक दशकअघि रेडियो सगरमाथाको कार्यक्रम उत्पादक तथा प्रस्तोता रहेका उनी अध्ययनका लागि अष्ट्रेलिया गएपछि त्यहीँबाट सञ्चालित 'नेपाल एक्सप्रेस' को कार्यकारी सम्पादक भएर काम गरे । सिड्नीबाट सञ्चालित साउथ एसिया डटकम डट एयूको सम्पादकीय सल्लाहकार भए । उनै तिमल्सिना सञ्चार तथा सूचना प्रविधि मन्त्री बनेका हुन् ।

**शिक्षामन्त्री पोखरेल प्रवक्ता**

नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधि र युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरकारको प्रवक्ताको जिम्मेवारी पाएका छन् । भर्खरै सम्पन्न मन्त्रिपरिषद्को बैठकले पोखरेललाई प्रवक्ताको जिम्मेवारी तोकेको हो ।

**कार्की...**

प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयसँगै अब यो कसुरमा ओली र लेखकमाथि अनुसन्धान गर्ने बाटो खुलेको छ ।

खापुङ भने सुरक्षाकर्मी भएकाले उनी तत्काल अनुसन्धानमा तानिने देखिँदैन ।

त्यस्तै आयोगले गृह सचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छवि रिजालमाथि पनि दफा १८२ अनुसार कारबाहीको सिफारिस छ । उनीहरूमाथि हेलचक्र्याइँ गरी ज्यान मारेको निष्कर्षसहित आयोगले त्यो अपराधमा आकर्षित हुने फौजदारी कानुनअनुसार अनुसन्धान गर्नु भनेको हो ।

हेलचक्र्याइँसम्बन्धी आरोप आकर्षित भए बढीमा तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिवाना हुनसक्छ ।

यो कारबाही सिफारिस भएका अर्याल अहिले पनि बहालवाला आइजीपी हुन् भने थापा पनि गुप्तचर अर्थात् पूर्व सुरक्षाकर्मी हुन् । जस कारण उनीहरूमाथि पनि तत्काल अनुसन्धान हुने देखिँदैन । थापा र अर्याल बाहेक तत्कालीन गृह सचिव दुवाडी र काठमाडौंका तत्कालीन सीडीओ रिजालमाथि अनुसन्धान गर्ने बाटो खुला भएको छ । बैठकले शासकीय सुधारका लागि सय वटा कार्यसूची स्वीकृत गर्ने निर्णय पनि गरेको छ ।

**पक्षपाती...**

भदौ २३ मा आन्दोलन भड्काउने, स्कुले पोशाकमा बालबालिकालाई जबरजस्ती सडकमा उतार्ने र भदौ २४ मा उग्र उपद्रो मच्चाउनेहरू सांसद, मन्त्री र प्रधानमन्त्रीसमेत बनेको टिप्पणी बस्नेतको छ । सबैमाथि निष्पक्ष अनुसन्धान गरी कारबाही हुनुपर्ने उनले बताएका छन् ।

'विभिन्न सन्देहास्पद गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको रकम अपराधमा प्रयोग भएको आशंका गम्भीर छ, शक्तिको आडमा गरिने यस्ता आतंककारी गतिविधि र त्यसको नेतृत्व समाजका लागि कदापि स्वीकार्य हुन सक्दैन,' बस्नेतले भनेका छन्-'सबै पक्षको निष्पक्ष अनुसन्धान बिना चालिने कुनै पनि कदम पूर्वाग्रहपूर्ण हुनेछ ।'


## माउण्ट एभरेष्ट डिष्टिलरी लिमिटेड

तिलोत्तमा–१४, टिकुलीगढ, रुपन्देही

### मूल्य सूची सम्बन्धी सूचना

यस डिष्टिलरीबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु २०८२/१२/१५ गतेदेखि नेपालभर लागू हुने गरी मुल्य सूची प्रकाशित गरिएकोले सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| Brand Name | UP | ML | ND | ND commi. | Distributors | Distributors Comm. | WS | WS Comm. | Retail | "Retail Comm." | Consumer | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | Case | Unit |
| Gold Box | 50 | 180 | 6,640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7280 | 1,600 | 8,880 | 185 |
| Boxer | 50 | 180 | 6,440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1,590 | 8,640 | 180 |
| Mount Class | 50 | 180 | 6640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7280 | 1600 | 8,880 | 185 |
| FIDA Apple Flavour | 50 | 180 | 6640 | 60 | 6,700 | 270 | 6,970 | 310 | 7280 | 1600 | 8,880 | 185 |
| Tali / DX ( White/Red ) | 50 | 180 | 6440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1590 | 8,640 | 180 |
| White Diamond | 50 | 180 | 6440 | 60 | 6,500 | 250 | 6,750 | 300 | 7,050 | 1590 | 8,640 | 180 |
| T-20 Plus | 70 | 300 | 2140 | 60 | 2200 | 150 | 2350 | 200 | 2550 | 900 | 3450 | 115 |
| Med Mala | 70 | 300 | 1370 | 30 | 1400 | 100 | 1500 | 110 | 1610 | 430 | 2040 | 68 |
| Rudra | 70 | 300 | 1370 | 30 | 1400 | 100 | 1500 | 110 | 1610 | 430 | 2040 | 68 |
| Umaga | 70 | 300 | 1270 | 30 | 1300 | 70 | 1370 | 70 | 1440 | 300 | 1740 | 58 |
| Hazari / Hazari Gold | 70 | 300 | 1320 | 30 | 1350 | 90 | 1440 | 110 | 1550 | 400 | 1950 | 65 |
| Hazari Premium | 70 | 300 | 1570 | 30 | 1600 | 100 | 1700 | 110 | 1810 | 440 | 2250 | 75 |
| Julie | 70 | 300 | 1250 | 30 | 1280 | 60 | 1340 | 60 | 1400 | 250 | 1650 | 55 |
| 20-20 (Apple/ Orange / Litchi / XXX / Lemon Flavour) | 70 | 300 | 1230 | 20 | 1250 | 50 | 1300 | 50 | 1350 | 150 | 1500 | 50 |

उपर्युक्त मूल्यमा अन्तःशुल्क तथा मु .अ . कर समावेश गरिएको छ ।
उपर्युक्त मूल्यमा ढुवानी भाडा समेत समावेश गरिएको छ। साथै सो बिक्री मूल्यहरुमा व्यवसायिक आवश्यकता अनुसार विभिन्न व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरुको सोध भर्ना दिन सकिने छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल–१०, सुखखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**आँपको फूलमा रहेका कीरा खाँदै बकुल्लाः**
दाङको घोराही उप-महानगरपालिका-२ स्थित रामपुरमा आँपको फूलमा रहेका कीरा खाँदै बकुल्ला। तस्विरः कुलदीप न्यौपाने/रासस

# एसईई परीक्षार्थी सलिना चार महिनादेखि विद्यालयमै



अर्घाखाँची। अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नं. ७ खाँचीकोटमा रहेको आदर्श माविकी एसईई परीक्षार्थी सलिना थापा चार महिनादेखि विद्यालयमै बसिरहेकी छन्। उनको खानपानको व्यवस्था पनि विद्यालयमै छ।

विद्यालयमै बस्न थालेपछि उनको दैनिकी फेरिएको छ। आजकाल बिहान ५ बजे उठेर दुई घण्टा अध्ययन गरेपछि खाजा खान्छिन्। त्यसपछि विद्यालयले सञ्चालन गरिरहेको एसईई तयारी कक्षामा पुग्छिन्।

सबेरै सुरु हुने सिक्ने सिकाउने क्रम राति १० बजेसम्म चल्छ। उनी जस्तै उक्त विद्यालयबाट एसईईमा सहभागी हुने २५ छात्रा छात्र चार महिनाभन्दा धेरै समयदेखि विद्यालयमै बसिरहेका छन्। परीक्षाको तयारी प्रभावकारी बनाउन उनीहरुलाई आवासीय सुविधासहित पढाउन थालिएको हो।

दैनिक तालिका अनुसार शिक्षक पनि विद्यालयमै बस्छन्। परीक्षार्थीसँगसँगै खान्छन् र उनीहरुको पढाइमा देखिएका समस्या समाधान गर्छन्।

विज्ञान, गणित र अंग्रेजी विषयमा कमजोर र आत्मविश्वास कमी भएकालाई लक्षित गरेर तयारी कक्षा सञ्चालन गरेको हो। अंग्रेजी र विज्ञान विषयमा आफूलाई कमजोर महशुस गरेकी थापाले तयारी कक्षामा सहभागी भएपछि आत्मविश्वास बढेको बताइन्। विद्यालयबाट फर्किएपछि घरको कामकाज गर्नुपर्ने बाध्यताले सिकाइ कमजोर बनेको उनले बताइन्। विद्यालयमै साथीहरुसित बसेर पढ्दा आफ्नो कमजोरी सुधार गर्ने मौका मिलेको उनको भनाइ छ।

'घरमा कामकाजले खासै अध्ययन गर्न पाइदैनथ्यो,' उनले भनिन्- 'घरमा पढ्दा नबुझेको विषयबारे सोध्न विद्यालयमै पुग्नुपर्थ्यो। सोही विद्यालयका विद्यार्थी दिपक थापाका अनुसार कमजोर विषयमा अतिरिक्त तयारी गर्न पाउँदा पढाइ सुधार भएको छ।

तयारी कक्षापछि परीक्षालाई लिएर आत्मबल बढेको उनले सुनाए। 'पढ्दै घरधन्दा पनि गर्नुपर्ने बाध्यता थियो,' उनले भने-'परीक्षाकै अतिरिक्त तयारीका लागि सदरमुकाम वा अन्य ठाउँ धाउनुपर्ने बाध्यता हुन्थ्यो, त्यसमाथि आर्थिक पनि समस्या हुन्थ्यो, विद्यालयमै साथीहरुसँग बसेर कमजोर विषय सुधार गर्ने मौका पाउँदा आत्मबल बढेको छ।' घरमा बसेर तयारी गरेको भन्दा विद्यालयमै बसेर तयारी गर्ने मौका मिलेको उनका अभिभावक बताउँछन्।

अभिभावकका अनुसार घरमा काम धन्दा, घाँसदाउरा पनि गर्नुपर्ने बाध्यता हुन्थ्यो, बाहिर पठाउन सकिँदैन्, विद्यालयले तयारीका लागि अभियान चलाएकाले आफूहरूलाई धेरै सहयोग मिलेको अभिभावक बताउँछन्। गत वर्षबाट विद्यालयको शैक्षिक गतिविधि र नतिजामा सुधार ल्याउनमा लागि विद्यालयले सञ्चालन गरेको छात्रबाससहितको अध्ययन प्रक्रियाले विद्यालयको नजिता र विद्यार्थीको नजितामा सुधार भएको छ।

गत वर्ष ५२ प्रतिशत हामीले विद्यार्थी उत्तीर्ण गरेका थियौं भने हामी यस वर्ष ७० प्रतिशत विद्यार्थी उत्तीर्ण गर्ने लक्ष्य रहेको विज्ञान शिक्षक टुल्क थापाले बताए।

थापाले भने-'बालबालिकाको शिक्षण सिकाइलाई अब्बल बनाउने प्रयासमा लागेका छौं, शिक्षक र अभिभावकले पनि त्यहीँ अनुसार सहयोग गर्नुभएको छ।' बालबालिकालाई गुणस्तरीय शिक्षाका लागि गाउँ छाड्ने क्रम रोक्ने मात्र होइन, छाडेकालाई पनि फर्काउने अभियान सञ्चालन गरेर विद्यालयमा विद्यार्थीको दर बढाउने लक्ष्यसहित आफूहरू लागेको सनपा ७ का अध्यक्ष चुराबहादुर केसीले बताए।

स्थानीय जनप्रतिनिधि, स्थानीय बासिन्दा, बुद्धिजीविलगायत सबैको भूमिका महत्त्वपूर्ण भएमा विद्यालयमा शैक्षिक गतिविधिमा सुधार ल्याउन सकिने विद्यालयका प्रधानाध्यापक डिल्लीराज थापा बताउँछन्। विद्यालयले स्थानीय वडा, समाजसेवी, सहयोगदाता सबैको केही सहयोग र स्वयम् विद्यार्थीको लगानीमा छात्राबासको व्यवस्थापन गर्दै आएको छ। शिक्षा क्षेत्रमा सुधार ल्याउन सबैको भूमिका हुने भएकोले यसमा सबैले साथ दिनुपर्ने यसमा स्थानीय सरकारले पहलकदर्मी गनुपर्नेमा जोड दिएका छन्।

# सौभाग्य गोल्डकपको तयारी तीव्र



बुटवल। खेलाडीलाई प्रतिस्पर्धात्मक अवसर प्रदान गर्दै स्थानीयस्तरमा फुटबल खेलको विकास र राष्ट्रिय फुटबलमा योगदान पुऱ्याउने उद्देश्यले सहिद प्रचण्ड थैव स्मृति दोस्रो सौभाग्य गोल्डकप २०८२ हुने भएको छ।

बुटवल उप-महानगरपालिकाको संरक्षकत्व तथा सौभाग्य युवा क्लबको आयोजनामा हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको शुक्रबार पत्रकार सम्मेलन गरी क्लबका अध्यक्ष सुजु मल्लले जानकारी दिए। प्रतियोगितामार्फत् देशका विभिन्न जिल्लाबाट खेलप्रेमी दर्शकलाई आकर्षित गरी आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने, व्यापारिक प्रतिष्ठान तथा उत्पादनको प्रचारप्रसार गर्ने र लुम्बिनी क्षेत्रको पहिचान बढाउँदै समग्र क्षेत्रीय विकासमा टेवा पुऱ्याउने लक्ष्य राखिएको आयोजकले जनाएको छ। करीब ४० लाख खर्च हुने अनुमान रहेको उनले बताए। सिद्धेश्वर मैदानलाई मिनी स्टेडियम बनाउने लक्ष्यसहित गुरुयोजना सरकारी निकायसम्म पुगेको उनले जनाए।

यसैबिच कार्यक्रममा बुटवल उप-महानगरपालिका वडा नं. ७ का वडाध्यक्ष पदमबहादुर गाहा, रुपन्देही फुटबल संघका पूर्व सचिव दिपक गुरुङ, सौभाग्य टिम कोच प्रदिप आचार्य, म्याच कमिश्नर विष्णु पौडेल, बीस पचहत्तर युवा क्लबका अध्यक्ष सुरेन्द्र थापा, स्वर्गीय प्रचण्ड थैवका सुपुत्र राधव थैवले सामूहिक रुपमा कप अनावरण गरेका थिए।

सिद्धेश्वरी खेलमैदान, दीपनगरमा सञ्चालन हुने प्रतियोगितामा राष्ट्रियस्तरका चर्चित क्लबहरूको सहभागिता रहनेछ। यही चैत १९ देखि ३० गतेसम्म हुने प्रतियोगितामा प्रथम हुने टोलीले ५ लाख ५ हजार रुपैयाँ र उपविजेताले २ लाख ५५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै, विभिन्न विधामा उत्कृष्ट खेलाडी तथा कोचलाई नगद पुरस्कारको व्यवस्था गरिएको छ।

करीब २ हजार क्षमताको अस्थाई प्याराफिट समेत निर्माण गरिएको सचिव प्रकाश क्षेत्रीले बताए। प्रतियोगितामा करिब ४५ हजारभन्दा बढी दर्शकले खेल अवलोकन गर्ने अनुमान गरिएको छ। प्रतियोगितामा रुपन्देहीसहित चितवन, नवलपरासी, कपिलवस्तुका गरी १२ क्लबहरुले भाग लिनेछन्। गतवर्ष झरना स्पोर्टिङ् क्लब विजेता रहेको थियो।

प्रथम बटौली कपः

# खुकुरी र होराइजन सेमिफाइनलमा




भैरहवा। लुम्बिनी खुकुरी क्रिकेट क्लब र न्यू होराइजन क्रिकेट क्लब प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। शुक्रबार भएका दुई खेलमा खुकुरीले स्टार क्रिकेट एकेडेमीलाई ६ विकेट र होराइजनले प्रोफेसनल मास्टर्स-११ लाई ४६ रनले हराउँदै सेमिफाइनल यात्रा तय गरेका हुन्। प्रतियोगितामा यसअघि बुटवल गोलपार्क क्रिकेट क्लब र एमएसएमटी क्रिकेट एकेडेमी नौतनवा सेमिफाइनल पुगिसकेका छन्।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उपमहानगरपालिकाको सहयोगमा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको स्टारले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर जम्मा ९० रन बनायो। उसका लागि समिप पौडेलले २९, रन्जित मौर्यले १५ र कृष्ण विकले १२ रन बनाए। बलिङमा खुकुरीका पिन्टु साहनी र जितेन्द्र केवटले २-२ तथा अख्तर हुसेन र सन्देश जिसीले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको लुम्बिनी खुकुरीले १२ ओभर २ बलमा ४ विकेट गुमाएर ९१ रन बनाउँदै सहजै जित निकाल्यो। उसको जितमा रोशन गौतमले अविजित २६, समिर अली मुसलमानले २४, निश्चल चौधरीले २३ र साजाद आलमले नटआउट ११ रन बनाए। बलिङमा स्टारका कृष्ण भारतीले २ तथा प्रेमसागर यादवले १ विकेट लिए। खेलमा जितेन्द्र केवट प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको न्यू होराइजनले १९ ओभर १ बलमा सबै विकेट गुमाएर १ सय ३९ रन बनायो। उसका लागि तुलाराम थापाले २८, अमर मिश्राले २३, अनिश भट्टराईले २१, प्रिन्स पालले १४ र निश्चल ज्ञवालीले १३ रन बनाए। बलिङमा मास्टर्सका सोइब हसन मुसलमान र अब्दुल खानले ३-३ तथा निरज मौर्यले २ तथा करण यादव र आरिफ अहमदले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको मास्टर्स-११ ले ९ विकेट गुमाएर ९३ रन मात्रै बनायो र हार व्यहोर्यो। उसका लागि अजय रसाइलीले २९, आरिफ अहमद र सोइब हसन मुसलमानले समान १२-१२ रन बनाए। बलिङमा न्यू होराइजनका सुरज खड्काले ३, तुलाराम थापाले २ तथा महेश भर, प्रिन्स पाल र प्रेम गुप्ताले १-१ विकेट लिए। खेलमा तुलाराम थापा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, उप-विजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# दुर्घटनामा चार जनाको मृत्यु




बुटवल। छुट्टाछुट्टै दुर्घटनामा चार जनाको ज्यान गएको छ। रुपन्देही, कपिलवस्तु र दाङमा भएको छुट्टाछुट्टै दुर्घटनामा चार जनाको ज्यान गएको हो।

रूपन्देहीको मायादेवी गाउँपालिका-५ गुरबनियामा लु.३५ प. ८८७१ नम्बरको मोटरसाइकलको ठक्करबाट ७५ वर्षीय पैदलयात्री बसन्त पालको ज्यान गएको छ।

कपिलवस्तुको शिवराज नगरपालिका-५ खैरीमा बा.९ च ९६२० नम्बरको गाडीको ठक्करबाट नुवाकोटका ३५ वर्षीय प्रकाश पुडासैनीको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको चन्द्रौटास्थित अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो भने प्रहरीले फरार चालकको खोजी गरिरहेको छ।

दाङको घोराही उपमहानगरपालिकामा मात्रै दुई छुट्टाछुट्टै दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। घोराही-१० सौडिकुलामा रा.२ प. ७२६५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा ३२ वर्षीय बेलबहादुर पुनको उपचारका क्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको छ।

त्यस्तै, घोराही-१३ कलंघारीमा रा.१ क १२९३ नम्बरको टिपरले ठक्कर दिँदा ५२ वर्षीया पैदलयात्री ज्योती पुनको घटनास्थलमै ज्यान गएको छ। प्रहरीले टिपर चालकलाई नियन्त्रणमा लिएको छ।

# एक वर्षदेखि पाँच वर्षका बालबालिकाका लागि 'स्वर्णबिन्दु प्राशन'



**कृष्ण पोखरेल**
*पाल्पा*

पाल्पा जिल्लाका बालबालिकाको शारीरिक तथा मानसिक स्वास्थ्यलाई सवल बनाउने उद्देश्यले चैत १४ गतेदेखि विशेष आयुर्वेदिक 'स्वर्णबिन्दु प्राशन' अभियान सञ्चालन गरिने भएको छ। पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा सञ्चालन हुने यस अभियानले एक वर्षदेखि पाँच वर्ष उमेर समूहका बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन खुवाइँदै छ।

आयुर्वेद शास्त्रमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि वर्णन गरिएका १६ संस्कारमध्ये 'प्राशन' एक महत्त्वपूर्ण विधि हो। स्वर्णबिन्दु प्राशन शुद्ध सुनको भष्मलाई मह, घिउ र विभिन्न औषधिहरू वच, ब्राह्मी, शंखपुष्पीको सम्मिश्रणबाट तयार पारिन्छ।

आयुर्वेदमा स्वर्णबिन्दु प्राशनलाई बालबालिकाका लागि एक शक्तिशाली औषधि मानिन्छ, यसको नियमित सेवनले बालबालिकामा रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने, मस्तिष्कको विकास बढाउने, स्मरण शक्ति बढाउने र बालबालिकाको शारीरिक र मानसिक विकासका लागि एक सुरक्षा कवच भएको अनिवार्य रुपमा एक वर्षदेखि पाँच वर्षभित्रका बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन खुवाउने पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्रकी चिकित्सक डा. हौसला धितालले बताइन्। यसको सेवनले पाचन प्रणालीलाई सुदृढ बनाउनुका साथै बालबालिकामा हुने मौसमी सङ्क्रमण र भाइरल ज्वरो जस्ता समस्याबाट जोगाउन मद्दत गर्ने आयुर्वेद चिकित्सक डा. धितालले बताइन्।

स्वर्णविन्दु प्राशन अभियानलाई जिल्लाभर प्रभावकारी रूपमा लैजान व्यापक तयारी भइरहेको आयुर्वेद स्वास्थ्य केन्द्रका प्रमुख माधवप्रसाद बस्यालले जानकारी दिए। स्वर्णबिन्दु प्राशनको पूर्णलाभ लिनका लागि कम्तीमा ३० डोज मात्रासम्म सेवन गर्नु स्वास्थ्यको दृष्टिकोणले अझ बढी प्रभावकारी र लाभदायी हुने कार्यालय प्रमुख बस्यालले बताए। यही चैत्र १४ गतेदेखि आयुर्वेदिक स्वास्थ्य केन्द्र तानसेनमा स्वर्णविन्दु प्राशन नियमित रुपमा असार मसान्तसम्म खुवाइने कार्यालय प्रमुख बस्यालले बताए। यो अभियानलाई समुदायको तल्लो तहसम्म पुऱ्याउन आफू जस्ता जनप्रतिनिधिहरुको पूर्ण सहयोग समन्वय रहने जिल्ला समन्वय समितिकी उप प्रमुख काशिका गैरेले बताइन्।

यो अभियानले पाल्पाका हजारौं बालबालिकालाई प्रत्यक्ष लाभ पुऱ्याउने र आयुर्वेदिक चिकित्साप्रति जनविश्वास अझ प्रगाढ बनाउने केन्द्रकी व्यवस्थापन समितिकी अध्यक्ष मञ्जु ढुङ्गाना अर्यालले जानकारी दिइन्। स्वर्णविन्दु प्राशन अभियानलाई प्रभावकारिता बनाउन केन्द्रले स्थानीय महिला स्वयम्सेविका, विद्यालयका शिक्षक, तानसेन नगरपालिका, वडा कार्यालयहरु, टोल विकास संस्थाहरुसँग छलफल गरेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com